मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

२६ औं वर्षमा Purwanchal National Daily

◆ वर्ष : २६ ◆ अङ्क : १८३ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७८ जेठ ८ गते शनिवार (Saturday, May 22. 2021) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## आफ्नै सूचना

कोरोना भाइरसको बढ्दो संक्रमणको जोखिम तथा संक्रमण नियन्त्रणका लागि स्थानीय प्रशासनले लामो समयदेखि जारी राखेको निषेधाज्ञाकाबीच पनि नियमित प्रकाशित हुँदै आएको पूर्वाञ्चल दैनिक परिस्थिति अनुकूल नहुञ्जेल शनिवार कार्यालय विदा गर्ने निर्णय भएकाले भोलि जेठ ९ गतेबाट हरेक आइतवारको अंक प्रकाशन नहुने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ। यसबाट पर्न जाने असुविधाप्रति प्रकाशन परिवार क्षमाप्रार्थी छ।

**व्यवस्थापक**

# प्रतिनिधिसभा फेरि विघटन

## मध्यावधि चुनाव: कात्तिक २६ र मंसीर ३ गते



**झापा, जेठ ७।** राष्ट्रपति विद्यादेवी भण्डारीले मन्त्रिपरिषदको सिफारिसअनुसार प्रतिनिधिसभा विघटन गरेकी छिन्। उनले नयाँ निर्वाचनका लागि आगामी कात्तिक २६ र मंसीर ३ को मिति पनि तोकेकी छिन्।

शुक्रबार मध्यरात बसेको मन्त्रिपरिषद् बैठकले सिफारिस गरेको एक घन्टाभित्रै राष्ट्रपति कार्यालयले राति १ बजेर ५० मिनेटमा संसद भंग र नयाँ निर्वाचन मितिको घोषणासहित विज्ञप्ति जारी गरेको हो। मन्त्रिपरिषदको बैठकले संविधानको धारा ७६-५ अनुसार सरकार गठन हुन नसकेको भन्दै धारा ७६-७ अनुसार निर्णय गर्न राष्ट्रपतिसमक्ष सिफारिस गर्ने निर्णय गरेको थियो।

संविधानको धारा ७६-७ बमोजिम प्रतिनिधिसभा विघटन गरी अर्को प्रतिनिधिसभाको पहिलो चरणको निर्वाचन २०७८ कात्तिक २६ गते शुक्रबार र दोस्रो चरणको निर्वाचन मंसीर ३ गते शुक्रबार सम्पन्न हुने गरी मिति तोक्न मन्त्रिपरिषदबाट निर्णय भई सिफारिस गरिएको राष्ट्रपति कार्यालयको विज्ञप्तिमा उल्लेख छ।

उक्त सिफारिसबमोजिम वर्तमान प्रतिनिधिसभा विघटन गरी अर्को प्रतिनिधिसभाको निर्वाचन दुई चरणमा गर्ने गरी मिति तोकिएको पनि राष्ट्रपति कार्यालयले जनाएको छ। यसअघि शुक्रबार मध्यरातै राष्ट्रपति भण्डारीले संविधानको धारा ७६-५ अनुसार प्रधानमन्त्रीका लागि नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र कांग्रेस सभापति शेरबहादुर देउवा दुबैले पेश गरेको दाबी नपुगेको ठहर गरेकी थिइन्। दुवै जनाको दाबी नपुगेपछि उपधारा ५ अनुसार नयाँ प्रधानमन्त्री नियुक्त गर्न कानूनी रूपमा नमिलेको निर्णय राष्ट्रपतिले लिएकी थिइन्।

यसअघि प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले १४९ सांसदको हस्ताक्षरसहित प्रधानमन्त्री पदमा दाबी गरेकी थिए भने संविधानको धारा ७६ को उपधारा ५ बमोजिमको प्रधानमन्त्रीमा बहालवाला प्रधानमन्त्री केपी शर्मा ओलीले समेत दावी पेश गरेका थिए।

देउवाले सरकार गठनका लागि विपक्षी दलको गठबन्धनका सांसदको हस्ताक्षरसहित राष्ट्रपतिको कार्यालयमा प्रधानमन्त्री पदका लागि दाबी गरेका थिए। ओली र देउवा दुबै जनाले आफ्ना पक्षमा बहुमत सांसद रहेको जिकीर गरिरहेका बेला राष्ट्रपति भण्डारीले संसद नै भंग गरिदिएकी हुन्। दुबै नेताले एमालेका माधव पक्ष र जसपाका सांसदहरुको समर्थन आफूलाई रहेको दावी सहित प्रधानमन्त्री पदमा दावी गरेका थिए। ओलीले नेपाल पक्षका २७ सहितका १२१ र जसपाको ३२ सांसद गरी १५३ सांसदको समर्थन आफूलाई रहेकाले प्रधानमन्त्रीमा नियुक्त गर्न दावी गरेका थिए।

यता देउवाले पनि आफ्नो दल कांग्रेस, माओवादी केन्द्र, जसपा उपेन्द्र यादव पक्ष र एमालेका नेपाल पक्षका १४९ सांसदको समर्थन रहेको दावी गर्दै शितल निवासमा पत्र दर्ता गराएका थिए। प्रधानमन्त्री ओलीले आफू दिक्क भएको भन्दै प्रधानमन्त्री नबन्ने घोषणा गरेपनि पुनः आफूसंग १५३ सांसदको समर्थन रहेकाले प्रधानमन्त्रीमा नियुक्त गर्न भन्दै दावी गरेका थिए।

प्रधानमन्त्री ओलीको इशारामा संवैधानिक दायित्व र कर्तव्य भुलेको आरोप बारम्बार खेप्दै आएकी राष्ट्रिपति विद्यादेबी भण्डारीले लिने निर्णय कत्तिको न्यायिक हुनेछ भन्ने चौतर्फी चर्चा चुलिएको छ। राष्ट्रपतिले संविधानको धारा ७६ को उपधारा (५) बमोजिम प्रधानमन्त्री नियुक्ति गर्ने प्रयोजनका लागि जेठ ७ गते साँझ ५:०० बजेसम्म प्रतिनिधिसभामा विश्वासको मत प्राप्त गर्न सक्ने आधार प्रस्तुत गर्न संविधानको धारा ७६को उपधारा (२) बमोजिमको प्रतिनिधिसभाका सदस्यलाई बिहीबार आह्वान थिइन्।

प्रधानमन्त्री पदका लागि दावी प्रस्तुत गर्न जाँदा नेपाली कांग्रेसका सभापति देउवा राष्ट्रपतिको कार्यालयमा विपक्षी दलका शीर्ष नेताको समेत उपस्थिति रहेको थियो। सो अवसरमा सभापति देउवासँगै कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेल, उपसभापति विमलेन्द निधि, महमन्त्रीद्वय शशाङ्क कोइराला र पूर्णबहादुर खड्का, माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल र अन्य स्थायी समितिका सदस्यहरु, एमालेका वरिष्ठ नेता माधवकुमार नेपाल, जसपाको सङ्घीय परिषद् अध्यक्ष डा बाबुराम भट्टराई, अध्यक्ष उपेन्द्र यादव, राजमोका दुर्गा पौडेललगायतको उपस्थिति थियो।

यता प्रधानमन्त्री पदका लागि दाबी गरेका ओलीको दाबीपत्रमा जसपाका तर्फबाट अध्यक्ष महन्थ ठाकुर र संसदीय दलका नेता राजेन्द्र महतो तथा एमालेका अध्यक्ष एवं दलका नेता ओलीले हस्ताक्षर गरेका थिए। प्रतिनिधिसभामा हाल २७१ जना सांसद संख्या रहेको छ।

**यस्तो थियो घटना क्रम**

**२७ वैशाख :**

**संसदमा ९३ मत पाएपछि संसदबाट पदमुक्त**

प्रधानमन्त्री केपी ओलीले आफूमाथि प्रतिनिधिसभाको विश्वास छ भन्ने स्पष्ट पार्न प्रस्तुत गरेको प्रस्ताव अस्वीकृत भएको थियो। प्रस्तावमाथि भएको मत विभाजनमा पक्षमा ९३ र विपक्षमा एक सय २४ मत परेको थियो। उपस्थित दुई सय ३२ सांसदमध्ये १५ तटस्थ बसेका थिए। एमालेका खनाल-नेपाल समूहका २८ सहित ३४ सांसदले मतदानमा भाग लिएनन्। प्रस्ताव अस्वीकृतसँगै प्रधानमन्त्री ओली स्वतः पदमुक्त भएका थिए। त्यसपछि राष्ट्रपतिद्वारा तीन दिनको समय दिएर संविधानको ७६ को (२)अन्तर्गत बहुमतको सरकार बनाउन आह्वान गरिन्। जसपाको महन्थ-राजेन्द्र समूहले नयाँ गठबन्धन बनाउन समर्थन नगर्ने आश्वस्त भएपछि ओलीले संसद्मा विश्वासको मत लिने निर्णय लिएका थिए।

**३० वैशाख :**

**सरकार गठनको एक सातामै हार स्वीकार**

आफूले दिएको समय अनुसार ३० वैशाखको राति ९ बजेसम्म कांग्रेस, माओवादी केन्द्र र जनता समाजवादी पार्टीले बहुमतको सरकार गठनको दाबी नगरेपछि संविधानको धारा ७६ को उपधारा ३ बमोजिम संसद्को ठूलो दलको संसदीय दलको नेताका रूपमा राष्ट्रपति भण्डारीले ओलीलाई प्रधानमन्त्रीमा नियुक्ति गरिन्, अर्को दिन शपथ लिए। यसरी प्रधानमन्त्रीमा नियुक्त व्यक्तिले ३० दिनभित्र विश्वासको मत लिनुपर्ने हुन्छ। तर, नीति तथा कार्यक्रम र बजेट संसद्बाट पास हुने अवस्था नभएपछि एक सातामै ओलीले विकल्प सोच्न थाले।

*(बाँकी अन्तिम पृष्ठमा)*

## बामफोकले हान्दा...



**मोरङ, जेठ ७।** मोरङको सुन्दरहरैचा नगरपालिका-३का ४० बर्षीय बिष्णु ऋषिदेवको हत्यामा संग्लग्न रहेको आरोपमा स्थानीय २३ बर्षीय पुजन राई पक्राउ परेका छन्।

शुक्रवार बिहान ६ बजेको समयमा घाँटीमा धारिलो हतियारले काटिएको अवस्थामा सुतेकै स्थानमा मृत रहेको भन्ने जानकारी पाएसँगै जिल्ला प्रहरी कार्यालय मोरङ तथा इलाका प्रहरी कार्यालय बेलवारीबाट खटिएको प्रहरी टोलीले उक्त हत्याको घटनामा राईको संग्लग्नता रहेको पाएसँगै उनलाई पक्राउ गरेको हो।

पक्राउ परेका राईले धारिलो हतियार बामफोकले घाँटीमा प्रहार गरी ऋषिदेवको हत्या गरेको प्रारम्भीक अनुसन्धानबाट खुल्न आएको छ। घटना सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## सार्वजनिक खरिद प्रक्रियाप्रति निर्माण व्यवसायीको विरोध

**काठमाडौं, जेठ ७।** कोभिड-१९का कारण दैनिक मानवीय क्षति बढ्दै गइरहेको परिस्थितिमा महामारीसँग सम्बन्धित खरिद प्रक्रियाबाहेक निर्माणका सार्वजनिक खरिद प्रक्रिया अघि बढाइएकामा नेपाल निर्माण व्यवसायी महासंघले बिरोध जनाएको छ।

जनताको स्वास्थ्यमा ध्यान नदिई संघीय, प्रदेश तथा स्थानीय सरकारका विभिन्न कार्यालबाट खरिद प्रक्रिया अघि बढाइनु स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोकेको मापदण्ड विपरीतको गैरजिम्मेवार कार्य भएको महासंघको भनाइ छ। राज्य आफैंले जारी गरेको निषेधाज्ञाको आदेशविपरीत जटिल अवस्थामा बोलपत्र आह्वान गरी महामारीकै समयमा निर्माण व्यवसायीलाई काममा सहभागी गराउन खोज्नु न्यूनतम् मानवअधिकार र मानवीय संवेदनशलीताको उल्लङ्घन भएको महासंघका महासचिव रोशन दाहालले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

निषेधाज्ञाको समयमा बैंक जमानत जारी गर्न नमिल्ने गरी आएको बैंकहरूको सूचनाले बोलपत्रको प्रक्रियामा व्यवसायी सहभागी हुनै नसक्ने अवस्था जगजाहेर हुँदाहुँदै बोलपत्रको सूचना प्रकाशन गर्नुको पछाडि आर्थिक आर्थिक मिलोमतो भएको हुनसक्ने देखिएको महासंघको भनाइ छ। बोलपत्र प्रकाशित भएपछि सम्बन्धित 'साइट भिजिट' गर्नु अनिवार्य हुने र हाल जारी निषेधाज्ञाका कारण 'साइट भिजिट' गर्न सक्ने अवस्था नै नरहेको विज्ञप्तिमा उल्लेख छ।

'बोलपत्र प्रकाशित गर्ने सार्वजनिक निकायले बीचमा 'प्रिबिड मिटिङ' राख्नुपर्नेमा राख्न नसक्ने अवस्था विद्यमान हुँदाहुँदै बोलपत्र प्रक्रियामा जानु सार्वजनिक खरिद ऐन तथा नियमको ठाडो उल्लघङ्न भएको स्पष्ट छ- विज्ञप्तिमा लेखिएको छ। सार्वजनिक खरिद अनुगमन कार्यालयलगायत सरकारी निकायले आर्थिक वर्षको अन्तिममा बजेट 'ल्याप्स' हुने आशङ्काले बोलपत्रको म्याद थप नगर्ने कार्यउपर पनि गम्भीर आपत्ति रहेको महासंघले जनाएको छ। महामारीको समयमा लोक कल्याणकारी राज्यले जनताको जीउधनको सुरक्षामा ध्यान दिनुपर्नेमा सार्वजनिक खरिदका लागि बोलपत्र आह्वान गर्नै नहुने महासंघको ठहर छ।

अधिकांश सार्वजनिक निकाय र स्थानीय तहबाट बोलपत्र प्रक्रिया अघि बढाइरहेको सूचना महासंघलाई प्राप्त भएको विज्ञप्तिमा जनाइएको छ। निषेधाज्ञा अवधिभरका लागि खरिद प्रक्रिया स्थगन गर्न र उक्त बोलपत्र पेश गर्ने म्याद निषेधाज्ञा समाप्त भएको मितिले कम्तीमा १५ दिनसम्मका लागि अत्यावश्यक सेवाबाहेकका सबै खरिद प्रक्रियाको म्याद थप गर्न महासंघले सम्बन्धित सबैमा जोडदार माग गरेको छ।

## हुण्डी कारोवारी तीन जना नगदसहित पक्राउ




**मोरङ, जेष्ठ ७।** हुण्डी कारोबारमा संग्लग्न रहेको आरोपमा तीन जनालाई जिल्ला प्रहरी कार्यालय मोरङले पक्राउ गरेको छ।

मोरङको बिराटनगर महानगरपालिका-११ रोडषेस चोकबाट २१ लाखभन्दा बढी रकमसहित पक्राउ परेका बिराटनगर-१३ का २५ बर्षीय श्रवण साह र रंगेली नगरपालिका-१की २५ बर्षीया जिज्ञासा चौधरीलाई सोधपुछ गर्ने क्रममा हुण्डी कारोवारबाट प्राप्त रकम रहेको खुल्न आएसँगै उक्त कार्यमा संग्लग्न बिराटनगर-१३का ३३ बर्षीय

*(बाँकी अन्तिम पृष्ठमा)*

## सातामै ७२ लाख मास्क र १०,००० रेम्डेसिभिर भित्रियो

**काठमाडौं, जेठ ७।** चार्टर्ड उडानमार्फत यो हप्ताको मध्यसम्म ४२ करोड रुपैयाँभन्दा बढीको स्वास्थ्य सामग्री नेपाल भित्रिएको भन्सार कार्यालयको आँकडाले देखाउँछ।

हवाई कार्गोमा विभिन्न देशबाट भित्रिएका अक्सिजन, फेस मास्क, औषधि, भेन्टिलेटर जस्ता सहयता सामग्री समेटिएको छ। एउटा तथ्याङ्कमा झण्डै ७२ लाख वटा मास्क र १० हजार भाइल रेम्डेसिभिरसहितका सामग्री भित्रिएको देखिन्छ। सरकारले शुक्रवारका लागि दशवटा विमानलाई अन्तर्राष्ट्रिय उडानको अनुमति दिएको छ।

नेपालमा कोरोनाभाइरस महामारीको लकडाउनका कारण चार्टर बाहेक अन्य अन्तर्राष्ट्रिय उडानमा प्रतिबन्ध लगाइएपछि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको प्रयोग गरी यात्रा गर्ने सबैभन्दा बढी यात्रु भारतका रहेको पाइएको छ।

यो अवधिमा बिहीवारसम्म ५६ वटा अन्तर्राष्ट्रिय उडान भएको त्रिभुवन अन्तर्राष्ट्रिय बिमानस्थलले जनाएको छ। त्यसमध्ये अधिकांश उडान स्वास्थ्य सहायता सामग्री भित्र्याउन केन्द्रित भएको बताइएको छ।

कतिपय उडानले विभिन्न देशका अनुरोधमा नेपालमा रोकिएका विदेशीहरूलाई उनीहरूको गन्तव्यमा पुग्न सहजीकरण गर्ने उद्देश्य राखेको थियो। सरकारले गएको वैशाख २३ गतेबाट चार्टर बाहेक सबै आन्तरिक र बाह्य उडान रद्द गरेको छ।

**अन्तर्राष्ट्रिय उडानको अवस्था के छ ?**

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका अनुसार बिहीवारसम्म ५६ वटा उडान भएका छन्, जसबाट ४ लाख १४ हजार केजीभन्दा बढी विभिन्न किसिमका सामग्रीहरू नेपाल भित्र्याएको छ।

उडान प्रतिबन्ध कार्यान्वयनमा आएको दुई दिनपछिबाट अन्तर्राष्ट्रिय चार्टर उडानहरू हुन थालेका विमानस्थलको आँकडाले देखाउँछ। अध्यागमन विभागका प्रवक्ता झकनाथ ढकालका अनुसार मे ८ यता बिहीवार अपरान्हसम्म २५ सय ६ जना नेपालबाट बाहिरिएका छन् भने ६ सय २९ जनाले नेपाल प्रवेश गरेका छन्।

उनले दिएको आँकडा अनुसार अन्तर्राष्ट्रिय विमानस्थल हुँदै १३ सय १६ जना भारतीयहरू अन्यत्र प्रस्थान गरेका थिए भने नेपाल प्रवेश गर्ने भारतीयहरूको संख्या १ सय ८५ रहेको छ। यो अवधिमा नेपालले भारतसँग 'एयर बबल' सम्झौता अनुसार साताको दुई वटा उडानलाई अनुमति दिँदै आएको छ।

नेपालबाट बाहिरिने भारतीयहरू मध्ये अधिकांश बन्दाबन्दीको कारण काठमाण्डूमा रोकिएका श्रमिकहरू रहेका विवरण आएका छन्। काठमाण्डूस्थित भारतीय दूतावासको अनुरोधमा सरकारले चार्टर विमानमार्फत उनीहरू साउदी अरेबियाका विभिन्न सहर पुग्ने व्यवस्था मिलाएको थियो।

उनीहरूलाई लैजान नेपाल वायु सेवा निगम र हिमालय एयरलाइन्सले साउदी अरेबियाको उडान गरिरहेका थिए। नेपालमा रहेका भनिएका लगभग धेरै भारतीयहरू गइसकेको र अब थोरै बाँकी हुनसक्ने आफूले बुझेको पर्यटन मन्त्रालयको नागरिक उड्डयन महाशाखाका सहसचिव बुद्धिसागर लामिछानेले जानकारी दिए।

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर, अष्टाङ्ग आयुर्वेद फार्मेसी**

दैनिक ओपीडी, क्षारसूत्र, पायल्स, फिसर, फिस्टुला, हाडजोर्नी, प्यारालाइसिस, नशा, माइग्रेन तथा अन्य जुनसुकै रोगको उपचारको लागि **सम्पर्क : ९८०६०००३१३/०२३-५९०१६६**

(पानीटंकीको रेटमा बिर्तामोडमै मोबाइल सेट)

**मोबाइल ! मोबाइल !! मोबाइल !!!**

**हामी कहाँ सम्पूर्ण ब्राण्डका मोबाइल सेट** SAMSUNG oppo, vivo, Redmi, MI, Lava, Nokia, One plus, Real me **इत्यादि**

साथै मोबाइल कभर, ब्याट्री, टेम्पर ग्लास, चार्जर, एयरफोन, डाटाकेवल लगायत मोबाइलका सम्पूर्ण एसेसरीजहरु खुद्रा तथा होलसेलमा पाइन्छ।

**मेची मोबाइल एण्ड एसेसरीज**, पुरानो भद्रपुररोड, बिर्तामोड

**सम्पर्क फोनः- ०२३-५४२४३१, ९८०४९३५३५१**

# कोरोना कहरमा सहकारी संघ झापाको रचनात्मक अभियान

**झापा, जेठ ७।** नयाँ भेरियन्टको कोरोना भाइरसको संक्रमण बढीरहेका बेला जिल्ला सहकारी संघ झापाले परोपकारी कार्य शुरु गरेको छ ।

`सामाजिक उत्तरदायित्व अन्तरगत सहकारीमा आवद्ध आम नागरिकको स्वास्थ्यलाई ध्यानमा राखी स्वास्थ्य तथा सामाजिक विकास कोष निर्माण गर्दै कोभिड-१९को जोखिम नियनत्रणका लागि आवश्य सबैखाले कार्यक्रम सञ्चालन शुरु गरेको छ ।

जसका लागि कोषमा सहभागिता जनाउन सबैलाई आह्वान समेत गरेको संघका अध्यक्ष गणेश ढकालले बताए । मानवीय संकटका बेला समेत आवश्यक सहयोग गर्दै आएको संघले कोभिड-१९का कारण मुलुक आक्रमन्त बनेको समयमा समेत सहकारी अभियानले कोष स्थापना गर्दै स्वास्थ्य सचेतना, पीसीआर परीक्षण, आर्थिक सहयोग, सदस्य जागरण तथा सेवा लगायतका क्षेत्रमा काम गर्ने बताइएको छ ।



गणेश ढकाल

संघका अध्यक्ष ढकालका अनुसार नेपाल सरकार, राष्ट्रिय सहकारी महासंघ, प्रदेश सहकारी संघ, र स्थानीय सरकार लगायत सरोकर निकायको सहयोग र समन्वयमा कोष निर्माण गरिएको हो । एक करोड रुपैयाँ भन्दा माथिको कोष निर्माण गर्दै सहकारी संघ-संस्थासंग सम्वन्धित सञ्चालक, कर्मचरी र सदस्यलाई लक्षित गरी सामाजिक गतिविधि सञ्चालन गर्ने अभियानको लक्ष्य रहेको अध्यक्ष ढकालले बताए ।

झापा जिल्ला सहकारी संघको अभियानमा सहकारी संस्थाका सञ्चालक, कर्मचारीहरुको पीसीआर परीक्षण, एक्स-रे सेवा, कोभिड लागेमा औषधि र पौष्टिक आहार, फ्रन्ट लाइनमा काम गर्ने सुरक्षा निकाय र पत्रकारलाई सहयोग गर्ने, स्वास्थ्य सचेतना कार्यक्रम सञ्चालन गर्ने, अकिसजन बैंक स्थापनामा सहयोग गर्ने, मेची प्रादेशिक अस्पतालमा हेल्प डेस्क स्थापना गर्न सहयोग गर्ने र सहकारी सामुदायिक अस्पतालको आवश्यकता महशुस गरिएकाले सामुदायिक अस्पताल निर्माण गर्ने लक्ष्य लिइएको छ । सहकारीले 'हाम्रो सहकार्यबाट सम्भव छ अभियान' नामाकरण गर्दै कोष निर्माण गरेको छ ।

# परिणाम सकारात्मक तर अझै तोडिएन सङ्क्रमणको जालो

**काठमाडौँ, जेठ ७।** मुलुकमा लगाइएको निषेधाज्ञाका कारण कोभिड-१९ को सङ्क्रमण नियन्त्रणमा महत्वपूर्ण उपलब्धी हासिल भएको छ ।

प्रशासनिक क्षेत्रका अधिकारी तथा स्वास्थ्य विज्ञले यसलाई अझै कडाइका साथ कार्यान्वयन गर्न नसक्दा भने बीचमा केही जटिलता आएको तर नियन्त्रणमा सकारात्मक परिणाम देखिन थालेको जिकिर गरेका छन् । मुलुकमा निषेधाज्ञा शुरु भएको आज एक महिना पुरा हुँदै गर्दा निषेधको आदेश जारी गर्नुपर्ने आवश्यकता अझै बाँकी रहेको छ । तर सही कार्यान्वयनको पनि उत्तिकै जरुरी छ ।

देशमा गएको वैशाख महिनामा कोरोना सङ्क्रमणमा ठूलो उतारचढाव आयो । बीचमा अक्सिजन र त्यसको सिलिण्डर, भेन्टिलेटर, सघन उपचार कक्षको हाहाकार नै भयो । अक्सिजन नपाएर केही सङ्क्रमितको मृत्यु भएको विवरण समेत सार्वजनिक भयो । तर, पछिल्लो सममया भने सङ्क्रमण दरमा केही कमी देखिनुमा निषेधाज्ञाको महत्वपूर्ण भूमिका रहेको चिकित्सकहरु बताउँछन् । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रवक्ता प्रा डा जागेश्वर गौतम निषेधाज्ञाको पूर्ण पालना गरेको भए अहिले सङ्क्रमण दरमा निकै कमी आउने बताउँछन् । डा. गौतम आफूबाहेक सबै सङ्क्रमित हो भन्ने सोचेर सावधानी अपनाउने हो भने नियन्त्रणमा कुनै समस्या नहुने जिकिर गर्छन् ।

एक महिना अघि आजैका दिन बाग्लुङ जिल्लाले निश्चित क्षेत्र तोकेर निषेधको आदेश जारी गरेको थियो । त्यहाँको बलेवास्थित नारायणथानको एउटा विद्यालयमा ३९ जना विद्यार्थी र एक शिक्षकमा एक्कासी कोभिड-१९ सङ्क्रमण देखियो । त्यसको जालो च्यात्न भन्दै तत्कालै त्यहाँको स्थानीय प्रशासनले विद्यालय र विद्यालयसँग जोडिएको परिवार बसोबास गर्ने क्षेत्र तोकेर वैशाख ७ गते निषेधको आदेश जारी गरेको गऱ्यो । सङ्क्रमण रोक्न शुरु भएको निषेधाज्ञा शुरु भएको एक महिना पुगेको छ ।

बाग्लुङपछि कालिकोटमा वैशाख ९ गते एक जनामा सङ्क्रमण देखियो । उनीसँग सम्पर्कमा रहेका व्यक्तिको परीक्षण गर्दा १० गते थप ४ जनामा देखिएपछि सङ्क्रामक रोग नियन्त्रण ऐन २०२० को अधिकार प्रयोग गर्दै त्यहाँ पनि क्षेत्र तोकेर हिडडुल गर्न नपाउने गरी आदेश जारी गरिएको थियो ।

बुधबार जेठ ६ गतेको तथ्याङकमा आठ हजार ३०५ मा कोरोना सङ्क्रमण पुष्टि भएको छ । छ हजार ५४३ जना भने निको भएका छन् । कूल १९० को निधन भएको विवरण सार्वजनिक भएको छ । अघिल्लो महिना वैशाख ६ गते सङ्क्रमित एक हजार २८१ थिए । २५५ निको भएका थिए भने ९ जनाको मृत्यु भएको थियो । तथ्याङ्क हेर्दा मृत्यु र सङ्क्रमण दर एक महिनामा निक्कै बढेको देखिन्छ । तर निको हुने दर वृद्धि हुनु र सङ्क्रमण दरमा पनि केही कमी हुनुलाई सकारात्मक रुपमा लिइएको छ । निषेधाज्ञाले नै सङ्क्रमणको दर सीमित बनाएको दावी जनस्वास्थ्यविद्को छ ।

प्रशासनिक अधिकारी पनि निषेध नगरिएको भए थेग्न नसक्ने गरी बिरामीको चाप अस्पतालमा हुने जिकिर गर्छन् । निषेधाज्ञा नलाइएको भए बिरामी थेग्नै सकिने थिएन, तर सङ्क्रमण बढिरहेकाले कार्यान्वयन तह अझै बलियो बनाउनुपर्ने देखिन्छ- काडमाडौँका प्रमुख जिल्ला अधिकारी कालीप्रसाद पराजुली भन्छन् । उनले अनुगमन गरिररहेको, पक्राउ र कारवाही भइरहे पनि बुझ्नुपर्ने जनताले नबुझिदिँदा समस्या कायमै रहेको बताए । सङ्क्रमणले एक्कासी गति लिएपछि काठमाडौं उपत्यकासहित धेरै जिल्लामा वैशाख १६ गतेबाट भने निषेधाज्ञा लगाउने क्रम एक्कासी बढेको थियो । अहिले मुलुकका ७४ जिल्लामा आदेश जारी भइसकेको छ । मनाङ, खोटाङ र तेह्रथुममा मात्रै आदेश जारी गर्न बाँकी छ ।

उपत्यका नगरपालिका फोरमका सचिव तथा मध्यपुरथिमी नगरपालिकाका प्रमुख मदनसुन्दर श्रेष्ठ निषेधाज्ञाले सङ्क्रमण रोक्न ठूलो काम गरेको छ भनछन् । श्रेष्ठ थप्छन्- निषेधाज्ञा लगाउनै ढिलाई भएको हुँदा बीचमा ठूलो समस्या आयो, त्यसपछि कार्यान्वयनको तह पनि अलि फितलो भयो, पछिल्लो समयमा आएर मात्रै कडाइका साथ लागू भएको थियो तर पनि पछिल्लो तथ्याङ्क हेर्दा सकारात्मक परिणाम देखिन थालेको छ । अझै पनि सङ्क्रमणको जालो च्यात्न भने सकिएको छैन । मुलुकमा नयाँ भेरियन्टसहित दोस्रो लहरको कोभिड-१९ सङ्क्रमणमा भइरहेको भारी वृद्धिसँग यसको क्षेत्र पनि विस्तार हुँदै गाउँगाउँमा फैलिरहेको छ । चेतनास्तर कम हुँदा परीक्षण नगराउनेहरु पनि बढ्दो क्रममा रहेको देखिन्छ । शुरुआती चरणमा शहरबजारमा बढी सङ्क्रमित देखिएकामा अहिले भित्र बजार तथा गाउँ-गाउँमा समेत देखिन थालेकाले जोखिम बढ्दै गएको छ । गाउँमा परीक्षण हुन समेत सकेको छैन ।

सरकारले सङ्क्रामक रोग नियन्त्रण ऐन २०२०को उपदफा २ बमोजिम पहाडी र हिमाली जिल्लामा २०० र काठमाडौं उपत्यका तथा तराईमा ५०० सक्रिय सङ्क्रमित रहेका जिल्लामा जिल्लाभर वा निश्चित क्षेत्र तोकी प्रमुख जिल्ला अधिकारीले निषेधाज्ञा वा अन्य आवश्यक आदेश जारी गर्न सक्ने अधिकार दिइसकेको छ । सोही अधिकार प्रयोग गर्दै प्रजिअले आदेश जारी गरी अत्यावश्यक बाहेकका गतिविधि रोक्दै आएका छन् ।

## प्रतिनिधिसभा ..

बजेटअगाडि विश्वासको मत लिन नसक्ने अवस्थापछि ओलीले नयाँ सरकारको मार्गचित्र कोरे ।

**६ जेठ : विश्वासको मत प्राप्त गर्ने आधार नदेखिएको स्वीकार**

'हाल विकसित राजनीतिक परिस्थितिमा संविधानको धारा ७६को उपधारा (३)बमोजिमको मौजुदा सरकारलाई विश्वासको मत प्राप्त हुने दह्रो आधार नदेखिएको, मिति २०७८ वैशाख २७ भन्दा स्थितिमा तात्विक अन्तर नदेखिएको र मुलुकलाई अन्योलमा राख्न उचित नभएको हुँदा वैकल्पिक सरकार गठनका लागि मार्गप्रशस्त गर्न उपयुक्त देखिएको' निष्कर्षसहित प्रधानमन्त्री ओलीले राष्ट्रपतिलाई संविधानको धारा ७६ को उपधारा (५)अनुसार सरकार गठनको प्रक्रिया अघि बढाउन अनुरोध गरे । लगत्तै शुक्रबार साँझसम्मको २१ घन्टाको समय दिएर राष्ट्रपतिले नयाँ सरकार गठनको आह्वान गरिन् ।

**७ जेठ (१२:०० बजे): विश्वासको मतबाट फेरि पराजित भएर जाने सुविधा छैन**

संविधान अनुसार १५ जेठमा बजेट र त्यसअघि नीति तथा कार्यक्रम प्रस्तुत गरिसक्नुपर्छ । ७ गते भइसक्यो, १४ गते सरकार बन्यो भने १५ गते नयाँ सरकारले कसरी बजेट प्रस्तुत गर्ने ? १२, १३ मा सरकार बन्यो भने कसरी प्रस्तुत गर्ने ? त्यसकारण विश्वासको मत लिने कर्मकाण्ड पूरा गरेर, विश्वासको मतबाट फेरि पराजित भएर उपधारा ५ मा जाने समयको सुविधा छैन । धारा ७६ को उपधारा ५ मै जानु नै पर्ने भएपछि प्रधानमन्त्रीले मार्गप्रशस्त गर्न र सरकार गठनको बाटो खोलिदिन समय, चाप र परिस्थितिको हिसाबले उचित मात्र होइन, अपरिहार्य भयो । तसर्थ, वैकल्पिक सरकार गठनको आह्वान छलेर सरकार जोगाउन, सरकार कब्जा गर्न खोजिएको होइन ।

**७ जेठ (४:०० बजे) : सिंगो एमाले र जसपाको समर्थन रहेको दाबी पेस**

विपक्षी दलका नेताहरू एक सय ४९ जनाको हस्ताक्षरसहित नयाँ सरकार गठनका लागि शीतलनिवास जाने निर्णय गरेलगत्तै उनीभन्दा पहिला प्रधानमन्त्री ओली पुगे । सिंहदरबारबाट विपक्षी दलहरू दाबी गर्न आउँदै छन् भन्ने थाहा पाएपछि ओली जसपाको महन्थ-राजेन्द्र पक्षले बिहीबार बुझाएको ३२ जना सांसद र एमालेका एक सय २१ जना सांसदको गरी कुल एक सय ५३ जना सांसदको समर्थन रहेको दाबी पेस गर्न शीतलनिवास हान्निएका थिए । जब कि एमालेकै माधव नेपालसहित २६ र जसपाका उपेन्द्र यादवसहित १२ सांसदले देउवालाई प्रधानमन्त्रीका रूपमा समर्थन रहेको भन्दै हस्ताक्षर बुझाएका थिए ।

लगत्तै प्रधानमन्त्रीका प्रमुख सल्लाहकार विष्णु रिमालले सामाजिक सञ्जालमा लेखे, 'नेकपा (एमाले)का एक सय २१ र जसपाका ३२ गरी एक सय ५३ जना सांसदको समर्थन आफूलाई रहेको पत्रसहित प्रधानमन्त्री केपी शर्मा ओलीले संविधानको धारा ७६ (५)बमोजिम प्रधानमन्त्री पदका लागि दाबी गर्नुभएको छ । दाबीपत्रमा जसपाको तर्फबाट अध्यक्ष महन्थ ठाकुर तथा संसदीय दलका नेता राजेन्द्र महतो र एमालेका अध्यक्ष एवम् दलका नेता केपी शर्मा ओलीले हस्ताक्षर गर्नुभएको छ ।'

**संसद्को विशेषाधिकार कुण्ठित गर्दै राष्ट्रपति**

१. सांसदको हस्ताक्षरको सनाखत भएन

केपी ओली र शेरबहादुर देउवालाई प्रधानमन्त्री बनाउन हस्ताक्षर गर्ने कतिपय सांसदको नाम दुवैतर्फ देखिएकोले दुवै दाबी अस्वीकार गरिएको राष्ट्रपतिको विज्ञप्तिमा उल्लेख छ । तर, ओलीले एमालेका माधव नेपाललगायतका २६ जनाको मात्र होइन, जसपाका उपेन्द्र यादव र डा. बाबुराम भट्टराईको समेत नाम बुझाएका छन् । त्यसमा उनीहरूको हस्ताक्षर छैन । उनीहरूले त देउवाको पक्षमा हस्ताक्षर गरेका छन् । ओलीले एकमुष्ट दिएको नाम र देउवाले दिएको हस्ताक्षरलाई राष्ट्रपतिले बराबर देखिन् । त्यति मात्र होइन, उनले कसको हस्ताक्षर सही वा गलत हो भनेर बुझ्ने र निर्णय गर्ने धैर्यसमेत गरिनन् ।

**२. सांसदहरू कारबाहीमा पर्ने ठहर**

'दलको निर्णय नमान्ने सांसदलाई सम्बन्धित दलले कारबाही गर्ने भएकोले' भनेर पनि राष्ट्रपतिको विज्ञप्तिमा उल्लेख छ । एमाले वा जसपा कुनै पनि दलले आफ्ना सांसदलाई कारबाही गरेका छैनन् । उनीहरू निलम्बन वा बर्खास्त भएका छैनन् । सांसदहरू बर्खास्त नै भएपछि त्यसको जानकारी सभामुखबाट मात्र आउने हो । संसद्बाट जानकारी नआएसम्म दलभित्रका विवाद राष्ट्रपतिका लागि अनौपचारिक जानकारी हुन् । तर, उनले कुन दलका कुन नेतालाई कारबाही हुँदै छ भन्ने आधारमा निर्णय गरेकी छिन् ।

**३. संसद्मा विश्वासको मतबारे पूर्वानुमान**

प्रधानमन्त्री पदका लागि दाबी गर्ने प्रतिनिधिसभाका दुवै सदस्य (केपी ओली र शेरबहादुर देउवा) ले प्रतिनिधिसभामा विश्वासको मत पाउने सम्भावना नदेखिएको ठहर राष्ट्रपतिले गरेकी छिन् । कानून अनुसार नियुक्त प्रधानमन्त्रीले विश्वासको मत पाउँछ कि पाउँदैन भन्ने संसद्मा हुने मतविभाजनबाट मात्र निश्चित हुन्छ । त्यसअघि त्यसको पूर्वानुमान गर्ने जिम्मेवारी र अधिकार राष्ट्रपतिको होइन । तर, संसद्लाई आफ्नो अधिकारबाट वञ्चित गरेकी छिन् ।

**राष्ट्रपतिसँग विपक्षी नेताहरूको १५ मिनेट**

राष्ट्रपतिले दिएको २१ घन्टे म्याद अनुसार विपक्षी गठबन्धनका नेताहरू शेरबहादुर देउवाको नेतृत्वमा सरकार गठनको दाबी गर्दै ४ बजे राष्ट्रपति कार्यालय शीतल निवास पुगे । तर, राष्ट्रपतिले ४:४५ सम्म उनीहरूलाई पर्खाइन् । त्यसअघि नै पुगेका प्रधानमन्त्री भित्र राष्ट्रपतिसँग सम्वादमा थिए ।

४:४५ मा राष्ट्रपति बैठककक्षमा पसिन्, जहाँ विपक्षी गठबन्धनका नौ नेता (कांग्रेसबाट शेरबहादुर देउवा, रामचन्द्र पौडेल र पुष्पा भुसाल, माओवादीबाट पुष्पकमल दाहाल प्रचण्ड र नारायणकाजी श्रेष्ठ, जसपाबाट उपेन्द्र यादव र महेन्द्र राय यादव, एमाले नेता माधवकुमार नेपाल र जनमोर्चाकी दुर्गा पौडेल) थिए ।

सुरुमा कांग्रेस सभापति देउवाले भने, 'राष्ट्रपतिज्यूले संविधानको धारा ७६ (५) अनुसार नयाँ सरकार गठनका लागि गरेको आह्वान अनुसार म बहुमत सांसदको समर्थन लिएर आएको छु, मसँग एक सय ४९ जनाको हस्ताक्षर नै छ । समर्थन गर्ने राजनीतिक दलका नेताहरू यहाँ हुनुहुन्छ । तपाईंले यसलाई संविधानअनुसार अगाडि बढाएर प्रधानमन्त्री नियुक्त गर्न अनुरोध गर्दछु ।

देउवापछि बोलेका प्रचण्डले भने- 'राष्ट्रपतिज्यूले गरेको आह्वानअनुसार नयाँ सरकार गठनको दाबीका लागि बहुमत सदस्यको हस्ताक्षर लिएर आएका छौँ । शेरबहादुर देउवाज्यूलाई हाम्रो समर्थन छ । तपाईंले संविधानअनुसार छिट्टै सकारात्मक निकास दिनुहुन्छ भन्ने हाम्रो अपेक्षा छ ।'

प्रचण्डपछि बोलेका कांग्रेस नेता रामचन्द्र पौडेलले भने- 'यहाँ दायाँबायाँ गर्नुपर्ने कुनै कारण छैन । बहुमत सदस्यको हस्ताक्षर छ । बहुमतप्राप्त सदस्यलाई चाँडो प्रधानमन्त्री नियुक्त गर्नुको कुनै विकल्प छैन ।'

तीन नेताको धारणापछि राष्ट्रपति भण्डारीले संक्षेपमा भनिन्- 'तपाईंहरूभन्दा अगाडि प्रधानमन्त्री पनि आउनुभएको थियो, उहाँले पनि बहुमतकै दाबी गर्नुभएको छ । मैले संविधानअनुसार गर्ने हो । कानुनविद् र विज्ञहरूसँग परामर्श गरेर निर्णय लिन्छु ।'

राष्ट्रपति भण्डारीपछि उपेन्द्र यादव बोले- 'कसरी प्रधानमन्त्रीज्यूले बहुमतको दाबी गर्नुभयो ? म यहीँ छु, हाम्रो पार्टीका १२ सांसदको समर्थन शेरबहादुरजीलाई छ । तर उहाँले हाम्रो पनि नाम दिएर दावी गर्नुभएको छ । प्रधानमन्त्रीको दाबी गलत छ । असंवैधानिक रूपमा गरिएको दाबीलाई कसरी अगाडि बढाउन मिल्छ ? संविधानअनुसार बहुमत सदस्यको समर्थन पाएको व्यक्ति प्रधानमन्त्री नियुक्त हुनुपर्छ, अरू गलत हुन्छ ।'

यादवपछि एमाले नेता माधव नेपालले धारणा राखे, 'संविधानको धारा ७६ (५)मा दलीय समर्थनको कुरा हुँदैन । प्रतिनिधिसभाको कुनै पनि संसदले समर्थन लिन सक्छ । मसहित एमालेका २६ सांसदको समर्थन शेरबहादुरज्यूलाई नै छ । अनि कसरी प्रधानमन्त्रीले बहुमत दाबी गर्नुभयो ? बहुमत अनुसार राष्ट्रपतिले सही निर्णय लिनुपर्छ ।'

नेता नेपालको भनाइपछि राष्ट्रपति भण्डारीले फेरि भनिन्- 'म संविधान अनुसार गर्छु ।'

अन्तिममा नारायणकाजी श्रेष्ठ बोले,- 'धारा ७६ (३)अनुसार नियुक्त प्रधानमन्त्रीले संविधानअनुसार विश्वासको मत लिनुपर्दथ्यो । राजीनामा पनि दिनुभएन । मार्गप्रशस्त गरेको भन्नुभयो । यसमा विवाद छ । विश्वास पाउँदैन भनेर प्रक्रिया नै छाड्ने, अहिले दाबी गर्न कसरी मिल्छ ? संविधान, कानुन र नैतिक हिसाबले मिल्दैन । अंगणितले त झनै पुग्दैन । राष्ट्रपतिले बहुमत सदस्यको समर्थन पाएको व्यक्तिलाई प्रधानमन्त्रीमा नियुक्त गर्नुको विकल्प छैन, योभन्दा अन्य बाटो जानु भनेको गैरसंवैधानिक हुन्छ ।'

त्यसपछि हुन्छ त अब उठौँ भनेर राष्ट्रपति भण्डारीले बैठक टुंग्याइन् ।

**अन्योलका २९ घण्टा : नयाा सरकार गठनको आव्हानदेखि प्रतिनिधिसभा विघटनसम्म**

**बिहीबार**

८ बजे राति : राष्ट्रपतिद्वारा धारा ७६ को उपधारा ५ बमोजिम सरकार गठनको दाबी प्रस्तुत गर्न आह्वान । शुक्रबार साँझ ५ बजेसम्मको म्याद

करिब ९ बजे राति : बिहीबार दिउँसैदेखि बालुवाटार पुगेका जसपाका नेताहरू महन्थ ठाकुर र राजेन्द्र महतोसँग प्रधानमन्त्री केपी ओलीले लामै छलफल गरे । दिउँसो करिब ३ बजेदेखि छलफलमा बसेका उनीहरू सँगै राष्ट्रपति कार्यालय पुगे । त्यहाँबाट निस्किएपछि केही भेटघाट गरेपछि ठाकुर र महतो राति ९ बजे आसपास पुनः बालुवाटार पुगे । जहाँ उनीहरूले जसपाका सबै सांसदको एकमुष्ठ नाम दिए । आफूले पहिले नै राखेका नागरिकता र संविधान संशोधनसम्बन्धी विभिन्न विषयमा पनि छलफल गरे ।

करिब ११ बजे राति : बालुवाटारको छलफलपछि जसपा नेता ठाकुर र महतोलाई लिएर प्रधानमन्त्री ओली फेरि राष्ट्रपतिको कार्यालय शीतलनिवास पुगे, राष्ट्रपति भण्डारीसँग मध्यरातिसम्म छलफल गरे । विपक्षी दलका नेताहरू पनि आफ्नो तयारीमा जुटिरहेका थिए ।

**शुक्रबार**

**९ बजे बिहान :** कांग्रेस सभापति शेरबहादुर देउवानिवास बुढानीलकण्ठमा पार्टी पदाधिकारीको आकस्मिक बैठक । बैठकले आफ्नै नेतृत्वमा सरकार बनाउन दलहरूसँग मिलेर अघि बढ्ने, त्यसका लागि सर्वदलीय बैठक तत्काल बस्ने निर्णय ।

**११ बजे :** जसपाको महन्थ-राजेन्द्र पक्षाको संसदीय दलको बैठक सिंहदरबारमा बस्यो । जहाँ बाबुराम-उपेन्द्र पक्षका सांसद भने अनुपस्थित रहे । महन्थ-राजेन्द्र पक्षले नयाँ सरकार गठन प्रक्रियामा सामेल नहुने र ओलीप्रति लचिलो हुने निर्णय गऱ्यो । तर, ओली नेतृत्वमा सरकार बनाउन नेताहरूले दलका सबै सांसदको समर्थन रहेको पत्र दिइसकेका थिए ।

**११:३० बजे :** कांग्रेसद्वारा बोलाइएको सर्वदलीय बैठक बुढानीलकण्ठमा बस्यो । जहाँ माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड, एमाले नेता माधव नेपाल र जसपा अध्यक्ष उपेन्द्र यादवलगायत उपस्थित भए । कांग्रेस सभापति देउवा, एमाले नेता नेपाल र जसपाकै अर्को पक्षका नेता महन्थ ठाकुरलाई प्रधानमन्त्री बनाउने विकल्पमा छलफल । तर, अन्तिममा देउवाकै नेतृत्वमा सरकार गठनका लागि दाबी गर्ने निष्कर्ष निस्क्यो ।

**१२:३० बजे :** एमालेको झलनाथ खनाल तथा माधव नेपाल पक्षका सांसदहरूको सिंहदरबारमा भेला । संसद् विघटन गर्ने षड्यन्त्र भएको भन्दै देउवाको नेतृत्वमा सरकार गठन गर्न समर्थन दिने विषयमा छलफल । २६ जनाको हस्ताक्षर ।

**१२:३० बजे :** माओवादी केन्द्रको स्थायी कमिटीको आकस्मिक बैठक, देउवाको नेतृत्वमा सरकार गठन गर्न अघि बढ्ने निर्णय ।

**१२:५५ बजे :** प्रधानमन्त्री ओलीद्वारा आयोजित पत्रकार सम्मेलन बालुवाटारमा सुरु । पत्रकार सम्मेलनमा ओलीले आफू दिक्क भइसकेको र बहुमत पनि नपुग्ने भएकाले सरकार चलाउन नसक्ने अवस्था रहेको बताए । उनले आफ्नो नेतृत्वमा राष्ट्रिय सहमतिको सरकार गठनका लागि एक ठाउँमा आउन सबै दललाई आग्रह गरे ।

**२:०० बजे :** देउवा नेतृत्वमा सरकार बनाउन अघि बढ्ने कांग्रेस संसदीय दलको बैठकको निर्णय । राष्ट्रपतिले तोकेको समयभित्र उपत्यकाबाहिर रहेका सांसदलाई काठमाडौं आउन र उपत्यकाभित्र रहेकालाई 'स्ट्यान्ड बाई' रहन निर्देशन ।

**२:३५ बजे :** विपक्षी दलहरू कांग्रेस, माओवादी केन्द्र, एमालेको खनाल-नेपाल समूह र जसपाको बाबुराम-उपेन्द्र पक्ष सिंहदरबारमा सांसदहरूको हस्ताक्षर संकलनमा जुटे ।

**३:२० :** बुधबारदेखि लगातार स्थगित हुँदै आएको एमाले कार्यदलको बैठक सिंहदरबारमा सुरु ।

**४:०० बजे :** कांग्रेस सभापति देउवालाई प्रधानमन्त्रीका रूपमा दाबी गर्दै विपक्षी दलका नेताहरू राष्ट्रपति कार्यालय शीतलनिवासमा पुगे । देउवा, प्रचण्ड, नेपाल र यादवसहित विपक्षी दलका नेता एक सय ४९ जना सांसदको हस्ताक्षर बोकेर शीतलनिवास गए । उनीहरूसँग कांग्रेसका ६१, माओवादी केन्द्रका ४९, खनाल-नेपाल समूहका २६, जसपा १२ र जनमोर्चाका एक सांसदको हस्ताक्षर थियो ।

**४:२० बजे :** राष्ट्रपति व्यस्त भएको भन्दै विपक्षी दलका नेताहरूलाई केहीबेर पर्खिन भनियो, कारण थियो त्यसभन्दा पहिले नै पुगिसकेका प्रधानमन्त्री ओलीसँग राष्ट्रपतिको छलफल चलिरहेको थियो । ओलीले पनि एमालेका एक सय २१ र जसपाका ३२ सांसद गरी कुल एक सय ५३ जना सांसदको समर्थन रहेको दाबी पेस गरे । ओलीले बुझाएको सूचीमा माधव नेपाल समूहका २६ मात्र होइन, जसपाका डा. बाबुराम भट्टराई र उपेन्द्र यादवलगायतको समेत नाम थियो ।

**५:०० बजे :** राष्ट्रपतिले आह्वान गरेको समयसीमा सकिनै लाग्दा कांग्रेस सभापति देउवाको दाबी राष्ट्रपति कार्यालयमा दर्ता । राष्ट्रपति भण्डारीले विपक्षी दलका नेताहरूलाई प्रधानमन्त्री ओलीले पनि आएर दाबी पेस गरेको जानकारी दिँदै संविधानअनुसार प्रक्रिया अगाडि बढाउने प्रतिक्रिया दिइन् ।

**११:४० राति :** ओली र देउवाको दाबीमा हस्ताक्षर गर्ने सांसदहरूको नाम दोहोरिएको, दलको निर्णयभन्दा सांसदहरूले फरक प्रस्तावमा हस्ताक्षर गरेको र त्यस्तो दाबीअनुसार सरकार गठन भएमा संसद्मा विश्वासको मत पुग्ने आधार नदेखिएकाले दुवै दाबीलाई मान्यता दिन अस्वीकार ।

**१२.५० मध्यराति :** करिब आधा घन्टा बसेको मन्त्रिरिषद् बैठकद्वारा प्रतिनिधिसभा विघटन गर्न चुनावको मितिसहित राष्ट्रपतिलाई सिफारिस गर्ने निर्णय

**१.४९ बिहान :** प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिबाट प्रतिनिधिसभा विघटन, मध्यावधि निर्वाचन घोषणा, २६ कात्तिक र ३ मंसिरमा निर्वाचनको मिति तय

**विपक्षी दलका नेतालाई प्रधानमन्त्री बनाउन हस्ताक्षर गर्ने नेताहरूले देशलाई मध्यावधिमा धकेल्नुभयो : प्रदीप ज्ञवाली, परराष्ट्रमन्त्री**

अरू केही उपाय भएन । मुलुक उपधारा ७ तिर गयो, अब २६ कात्तिक र ३ मंसिरमा चुनाव हुने भयो । संसद् विघटनको अवस्था आउनका लागि प्रस्ट रूपमै ती साथीहरू जिम्मेवार छन्, जसले दलीय मर्यादालाई उल्लंघन गरेर प्रमुख विपक्षी दलको नेतालाई प्रधानमन्त्री बनाउन हस्ताक्षर गरे । राष्ट्रपतिको पत्रमा प्रधानमन्त्रीमा दाबी प्रस्तुत हुन नसक्नुमा दुई कारण देखाइएको छ ।

दुई दलका सांसदहरूले अन्तै हस्ताक्षर गरेको देखियो । महन्थ ठाकुर नेतृत्वको दलका १२ जनाले पनि अन्तै हस्ताक्षर गरेको देखियो । यस्तो अवस्थामा संविधानको धारा ८९ आकर्षित हुने भयो र राजनीतिक दलसम्बन्धी ऐन पनि आकर्षित हुने देखियो । एमालेका साथीहरूको हस्ताक्षर अन्त नभएको भए स्पष्टै थियो, एक सय २१ र महन्थ ठाकुरजीहरूको २० जनासहित एक सय ४१ सहित प्रधानमन्त्री ओलीले नै प्रतिनिधिसभामा विश्वासको मत पाउने बलियो आधार हुन्थ्यो र यही सरकारले पूर्ण अवधि काम गर्थ्यो । तर, साथीहरूले जबर्जस्ती मध्यावधितिर धकेलेर दुर्भाग्यपूर्ण काम गर्नुभो ।

राष्ट्रपतिज्यूले त के गर्ने र, उहाँले आह्वान गर्नुभो र अहिले जे भन्नुभो त्यो त सही हो । किनभने दलीय व्यवस्था हो, तर दलका तर्फबाट गएका प्रधानमन्त्री र जनता समाजवादी पार्टीका कतिपय साथीहरूले अन्तै हस्ताक्षर गरेका छन् । ती हस्ताक्षरलाई मान्यता दिएर शेरबहादुरजीको दाबीलाई मानौँ भन्ने हो भने दलले त कुनै पनि वेला कारबाही गर्न सक्छ । निष्कासन गर्न त स्पष्टीकरण पनि सोधिरहनुपर्दैन । त्यसो हुनेबित्तिकै पद रिक्त हुन्छ । यता २६ सिट रिक्त हुनेबित्तिकै उहाँले गरेको दाबी पनि पुग्दैन । त्यसले गर्दा यसमा प्रधानमन्त्री र राष्ट्रपतिज्यूको के दोष छ र ?

**महामारीसँग जुधिरहेका जनतालाई निर्मम उपहार : विश्वप्रकाश शर्मा, कांग्रेस प्रवक्ता**

महामारीमा मृत्युसँग जुधिरहेका जनतालाई निर्मम उपहार मध्यावधि दिइएको छ । इतिहासको भिन्न कोतपर्वपछि प्रधानमन्त्री अधिनायकवादको राजमार्गको भ्रममा हुनुहुन्छ । तर, प्रधानमन्त्रीज्यू हेक्का रहोस्, जनता पछि होइन अघि हुनेछन्, हामी अघि हुनेछौँ, जित जनताको हुनेछ, लोकतन्त्रको हुनेछ र संविधानलाई पुनर्जीवन दिइनेछ !

**केपी ओली नेपालको संविधान मन नपराउनेहरूको गोटी बने : वर्षमान पुन, माओवादी नेता**

नेपालीले आफ्नो संविधान बनाएको मन नपराउने शक्तिको डिजाइनमा केपी ओली गोटी बने भने केपीको गोटी विद्या भण्डारी बनिन् । संविधान च्यातियो, लोकतन्त्रमाथि प्रहार भयो र जनभावना कुल्चिने काम भयो । नगर्ने चुनावको घोषणा गरिएको छ । भनिन्छ-अति भए,खती हुन्छ । *(उल्लेखित घटनाक्रमको स्रोत: नयाँपत्रिका)*

## हुण्डी ...

अमृतकुमार साह सुडीलाई समेत प्रहरीले पक्राउ गरेको हो ।

साह र चौधरीको साथबाट प्रहरीले नेपाली २१ लाख ७५ पाँच सय र भारतीय रुपैयाँ २३ हजार तथा बिभिन्न बैकका चेकहरु बरामद गरेको थियो ।

त्यस्तै अमृत कुमारको घर कोठा खानतलासी गर्दा मोवायल तथा नगद डिपोजिट रसिद बरामद भएको हो । यसरी ठूलो मात्रामा नगद रकम सहित पक्राउ परेका तिनै जनालाई आवश्यक कारवाहीको लागि राजश्व अनुसन्धान कार्यालय इटहरी सुनसरी बुझाउने तयारी भइरहेको छ ।



बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा
(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)
पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।


श्रीअन्नु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

## कविता



**लीला उदासी**

मान्छे र मान्छेको भविष्य
सभ्यताको विरुद्धमा आयो
सृष्टिका बिरुद्धमा आयो
सिर्जनाका बिरुद्धमा आयो
मान्छेका बिरुद्धमा आयो
ध्वंश र उजाड लिएर आयो
विरह र शोक सुसेल्दै आयो
मान्छेका मनमा अत्यास छाउने गरी आयो
भाइरस मान्छेको हुर्मत लिनेगरी आयो
ज्यान लिनेगरी आयो
महामारी बनेर आयो।
सङ्कटबाट जोगाउँदा जोगाउँदै
खुस्किएका छन् अनगिन्ती जिजीविषाहरू
कुमारी मनमा वैधव्य पोखिएको छ
ओहो ! कति धेरै फूलहरू झरी सके
कोपिला र बेर्नाहरू कति ? सुकिसके
अत्यासको त
हुरी पनि र बाडी पनि
चलिरहेछ बगी रहेछ
विग्रह पहाड चढी सक्यो
थामिने चेष्टा छैन लाग्छ
धेरै जीवनमा अन्धकार पोतिएको छ।
चिन्ताग्रस्त हुनुपर्ने
अगुवाहरू घरभरि छन्
उनीहरूको कुनै मतो छैन
कसैले आफ्नो पुरानू धुन छाडेको छैन
कारोबार छाडेको छैन
कमिशन छाडेको छैन
लाग्छ कति अगुवाहरू त
उसलाई स्वागत गर्न
मेरो देशको सीमानामा
लाम लागेछन्
भ्रष्ट र कमिशन प्रिय बनेका छन्
र प्रदेशहरू अस्त-व्यस्त छन्
अग्ला-अग्ला मान्छेहरू अझै मस्त छन्
मतियार झैं
एकपटक हाइ मात्र काढेका छन्
लाग्छ
के अझै उनको निन्द्रा खुलेको छैन ?
अझै कति उजाड हुने हो ?
कति विभत्स भेल बनेर आउने हो ?
कति फूलबारी बगर हुने हो ?
कति खरबारीमा डढेलो लाग्ने हो ?
के अब संसार नै उसको हुन लागेको हो ?
ए ! मेरो देशका अग्ला अग्ला मान्छे हो !
घर छेऊ चौतारी छ
तर उसलाई परास्त गर्न किन मतो हुन्न ?
तिम्रो त्यो अग्लो अग्लो काया
बाङ्गो भैं सक्यो
किन तिमीलाई नाङ्गो भएको थाहा छैन ?
शोक ध्वनिमा कति रमाउँछौ ?
जाग न रोकौं
रगत र आँशुको पोखरी
र बचाऔँ मान्छे र मान्छेको भविष्य ।

# फेरि कोरोना लाग्यो साइँली ...



**भुवन तामाङ**

कोरोना लाग्यो साइँली आइरहन पाउँदिन। हो, साइँली कोरोना लाग्यो आइरहन पाउँदिन। कोरोना लाग्यो साइँली तिमीलाई भेट्न आइरहन पाउँदिन। पटक्कै आइरहन पाउँदिन। तिमीलाई हेर्न देख्न र माया गर्न आइरहन पाउँदिन। कोरोना लाग्यो साइँली आइरहन पाउँदिन।

हेर साँइली डाँडा बजार सुनसान छ। साइँली पञ्चमी बजार, बतासे बजार सुनसान छ। आइतबारेदेखि शनिबारे बजारसम्म सबै सबै सुनसान छ। बुधबारे बजार सुनसान छ। बिर्तामोड बजार सुनसान छ। एकादशीदेखि नवमी, दशमी बजार सबै सुनसान छ। औंशीदेखि पूर्णीमा बजार नि सुनसान छ। सबैतिरका भएभरका बजार सुनसान छ। जहाँ हामी मिठो मायापिरती साटासाट् गर्दथ्यौं। मनको धित मरुञ्जेल यता र उता घुम्दथ्यौं। हामी डुल्ने गल्ली सुनसान छ। हामीले मायाको चिनो र कोशेली किन्ने दोकानको गल्ली सुनसान छ। हामीले पिरतीका कुरागर्दै मुस्कुराउँदै खाजा खाने हुटेल सुनसान छ। हामीले चटपटे र पानीपुरी खाने सडक सुनसान छ।

भोर्लाको पातमा थापेर ढुङ्गाको पिरामा बसेर मासु चिउरा खाने गोसखान पनि सुनसान छ। हामी हिंड्ने बाटो सुनसान छ। हामी चोचोमोचो मिलाएर घण्टौं कुरा गर्ने चौतारो र चप्लेटी ढुङ्गा सुनसान छ। लभडाँडा नि सुनसान छ। हेर साइँली नेपालभरिकै सबै ठाउँ सुनसान छ। हो साइँली, सबैतिर सुनसान छ। किनकि कोरोना लाग्यो साइँली सबै सुनसान छ। घरबाहिर निस्कन पाइँदैन। मोटर चल्दैन। त्यसैले साइँली तिमीलाई भेट्न आइरहन पाउँदिन। कोरोना लाग्यो साइँली आइरहन पाउँदिन।

यस्तो बेलामा त साइँली मन थाम्न साह्रो पर्दो रै'छ। सात डाँडापारी रहेकी मेरी साइँलीलाई केही भयो कि भनेर उदुमै पिरलो पो हुँदो रै'छ। तिमीलाई सम्झेर मन कुटुकुटु खाँदो रै'छ। तिमीलाई सम्झी ल्याउँदा साइँली आँखाबाट तुरुक्क आँशु नै झर्दो रै'छ। लोग्ने मान्छे भएर रुनु हुन्न भन्छन्। नत्र त ग्वाँ ग्वाँ रुन हुन्थ्यो। डाँडाकाँडा थर्कने गरी। सुनसान वातावरणमा मेरो रुवाइको आवाज तिमीसम्म आइपुग्दो हो। हुन त तिमीलाई पनि त्यस्तै लाग्दो हो। मलाइ सम्झेर तिमीलाई पनि रुन आउँदो हो। मन थाम्न सकिनौ भने बरु रोइदेऊ साइँली। डाँडाकाँडा पाखा पखेरा र गनन थर्कने गरी। म तिम्रो रुवाइ सुनेर बसौंला। तिम्रो रुवाइसँगै मेरो रुवाई पनि मिसाउँला। लकडाउनको पीडा कस्तो हुन्छ भनेर संसारलाई बुझाउँला। अरु भन्दा पनि त्यो दुष्ट कोरोना भाइरसलाई सुनाउँला। ए कोरोना भाइरस तँइले पाप गरिस्। विश्व मानव समुदायलाई तँइले साह्रै दुःख दिइस्। हामीलाई बिछोडमा र बियोगमा पारिस्। आँशुमा डुबाइस्। ठाउँको ठाउँ चुपचाप धुम्म परेर बस्न बाध्य पारिस् भनेर कोरोना भाइरसलाई भनौंला।

हुन त साइँली यो हाम्रो मात्र पीडाको कुरा रहेन। देशभरीका सबै नेपालीलाई पीडा भइरहेको छ। तिम्रो र मेरो जस्तो व्यथा अरु धेरैका पनि हुन्छन् नै। संसारभरिका मानिसहरुका पनि हाम्रै जस्तै व्यथा होलान्। सबैले अहिलेको पीडा खपेकै छन् भने हामीले पनि खप्नैपर्छ। मेरी प्यारी साइँली तिमी जहाँ छ्यौ त्यहाँ सुरक्षित बस्नु। कोरोना भाइरसको संक्रमण हुन नदिन नेपाल सरकारले लागू गरेको लकडाउनका सबै नियम पालना गर्नु। लकडाउनको नियमभित्र रहेर सुरक्षित बस्नु। अरुलाई पनि सुरक्षितसाथ घरमै बस्न भन्नु। म पनि सुरक्षित घरमै बसेको छु। यतिबेला हामी नेपाली नागरिकले नियम र कर्तव्य पालना गर्नुको विकल्प छैन। नेपाल सरकारको अर्को सूचना नआउञ्जेल असल नागरिकको भूमिका निभाउनु हामी सबैको कर्तव्य हो साइँली।

आउन त आउँछ नि साइँली तिम्रो त्यो जुन जस्तो मुहारको याद। कहिले हेर्न पाउँजस्तो भैरहेछनि। मन्दमन्द समीरले उडाइरहेको तिम्रो त्यो सिल्की केसराशी हेरिरहन मन न त लाग्छ नि। सुस्तसुस्त तिम्रो त्यो हिंडाइको चालसँगै कतै टाढासम्म तिम्रो मुलायम समाएर तिमीलाई आडदिँदै हिँडिरहुँ मन लाग्छ नि। हिँडाइसँगै तिम्रा ती पाउजुका मादकतायुक्त छिर्लिङ् छिर्लिङ् आवाजहरु सुनिरहुँजस्तो लाग्छ नि। प्रकृतिका ती छटाहरु दृष्यालोकन गर्दै अनि तिम्रो त्यो कोमल वदनबाट आउने खाट्टी अर्ग्यानिक सुवासहरु अनुभूति गर्दै कताकता मनलाग्दी टाढा पुगौं जस्तो लाग्छ नि। तिम्रो त्यो उन्मुक्त हाँसोहरु अनि खित्खिताईहरु सुनिरहुँ त लाग्छ नि। हो साँइली अरु धेरै-धेरै, खोइ के हो के-के गर्न त मन लाग्छ नि। तर, कोरोना लागिहाल्यो। अहिलेलाई चुपचाप घरमा बस्नु नै उत्तम उपाय हो साइँली हामी सबैका लागि।

हाम्रो सुरक्षाका लागि दिनरात नभनी हरदम कर्तव्य परायण भई खटिइने धेरै-धेरै डाक्टर, स्वास्थ्यकर्मीहरु, सुरक्षाकर्मीहरु, प्रशासन कर्मचारीहरु, स्थानीय जनप्रतिनिधिहरु र सम्पूर्ण सरोकारवालाहरु स्वयम्ले पनि लकडाउनको नियम पालना गर्दै आम नेपाली नागरिकहरुलाई लकडाउनको नियम पालना गर्न अनुरोध, आग्रह गरिरहेका छन्। त्यसैले सरकारले लागू गरेको लकडाउनको नियम पालना गर्नु हामी सबै नेपाली नागरिकहरुको प्रमुख कर्तव्य हो साइँली।

कोरोना भाइरसको संक्रमणबाट बच्न हामी नागरिकहरु अझ धेरै जिम्मेवार र कर्तव्य परायण हुनु जरुरी छ। त्यसैले साँइली लकडाउनको नियमको उल्लंघन नगर्नु। म पनि नियम पटक्कै उल्लंघन गर्दिन। नत्र मैले तिम्रो त्यो पूर्णिमाको जुनजस्तो मुहार कहाँ हेर्न पाउँला र ? अनि तिमीले पनि खरायोको जस्तो मेरो यो चुइँसे अनुहार कसरी हेरौली ? हो साइँली कसरी हेरौली ? हामी बाँचे मात्र एकले अर्कालाई माया गर्न पाउँला।

आ हो ! मुसेज लामो पो भयोकी ? लु मेरो यो ठेउके मुबाईलको फ्याँसबुकको मुसेञ्जरमा कनिकुथि मुसेज लेखी पठाएको छु है साइँली। खुसुक्क हेर्नु र उसैगरी खुसुक्कै मोलाई पनि मुसेन्जरमा मुसेज लेखी पठाउ है ल साइँली। तिमीलाई उद्धुम माया गर्ने उही तिम्रो खरायो जस्तो चुइँसे साइँलो।

**कथा**

# गाउँकी केटी

कुनै एउटा गाउँमा एक असल र सोझी केटी थिइ। ऊ गाउँको एउटा गरीब परिवारकी सदस्य थिइ। उसको बुबाआमाले उसलाई कम महत्व दिए किनभने ऊ छोरी भएर जन्म लिएकी थिइ। उसलाई उसको परिवारले यातना दिएका थिए। ऊ एक्लै बस्थी र रुन्थी। एक दिन ऊ घर छोडेर गाउँबाट टाढा सर्ने निर्णय गरी। ऊ सडकमा हिंड्दै गर्दा, एकजना व्यापारीले उसलाई देख्यो। उसले सबै कुरा सोध्यो र उसले पनि इमान्दारसहित जवाफ दिई।

व्यापारी निकै दयालु र सहयोगी व्यक्ति थियो। व्यापारीको कुनै सन्तान थिएनन्। त्यसैले त्यो केटीलाई आफ्नो घरमा लग्ने सोच्यो। व्यापारीको सन्तान नभएको त्यहीमाथि उसलाई छोरी असाध्यै मनपर्ने। जसलाई उसले प्रेम, हेरचाह, दुखाई र खुशी साट्न सजिलै सकू भन्ने लाग्थ्यो। उसले आफ्नो घरमा लगेर स्नेहपूर्वक आफ्नो परिवारको हिस्सा बनायो। बुबाआमाको कमी महशुस कहिल्यै गराएन् र उच्च शिक्षा हासिल गराउने निर्णय गऱ्यो।

बिस्तारै दिनहरू बित्दै गए। त्यो केटीले आफ्नो नयाँ जीवनको शुरुवात गरी। ऊ स्कूल पनि जान थाली। धेरै क्षेत्रमा प्रगति गर्दै गई। उसको पढाइ पनि राम्रो थियो। उसलाई राम्रो कामका लागि हौसला दिने व्यक्ति पनि बढ्दै गए। त्यो क्षणमा धेरै खुशी थिइ ऊ। आफ्नो बाबुआमाको हेरचाह गरे जस्तै गरी व्यापारीलाई पनि माया गर्थी। म मेरो आमाबाबुलाई छोरी हुनुमा गर्व गराउने छु भन्ने सकारात्मक सोच सानैबाट राख्थि। ऊ परिश्रम र धैर्यमा विश्वास राख्थी।

समय बित्दै जाँदा उसले आफ्नो डिग्री पूरा गरी। उसको लक्ष्य एक असल शिक्षक साथै सामाजिक कार्यकर्ता हुनु थियो। आफ्नै लगनशीलताले आफ्नो लक्ष्य पनि साकार भयो। गाउँका मानिस र आफ्नो परिवार पनि शिक्षित नभएकाले आफूले भोगेको पीडा सम्झिँदै आफू जस्तै अरुलाई दुःख नहोस् भन्ने उद्देश्यले उसले आफ्नो गाउँमा स्कूल खोल्ने योजना बनाइ। त्यो बेला गाउँमा कुनै स्कूल थिएन र छोरीहरूको लागि शिक्षा पाउने कुनै अवसर पनि। धेरै वर्ष पछि ऊ आफ्नो गाउँ फर्की।

स्कूल बनाउने क्रममा उसले आफ्ना बाबुआमालाई भेटी , जो उमेरमा बुढाबुढी भइसकेका थिए। बिगतमा के भयो उसको आमाबाबुले बिर्सेसकेका थिए। बुबाआमालाई देख्नासाथ उसका आँखाबाट आँशु बग्न थाले। नभनी घर छाडेर गएकोमा माफी माग्दै आफूले बिताएको दिनहरुको सम्झना दिलाउँछे। छोरीलाई गरेको दुर्व्यवहार सम्झदै आमाबुबा रुन्छन्। छोरी आमाबुबालाई सम्झाउँदै आफ्नो सफलताको बारेमा सुनाउँछे। आफ्नो गाउँ सम्झी छोरी फर्केर आएकोमा बुबाआमा खुशी व्यक्त गर्दै छोरीलाई आशिर्वाद दिन्छन्। आफ्नी छोरी शिक्षित भई सबैले सम्मान गएको देख्दा छोरी प्रति गरेको व्यवहार सम्झी आफू लज्जित बन्छन्।

ऊ गाउँकै एक उदाहरण महिला बनी। आफ्नो जीवन सेवा गरेरै बिताउने निरन्तर लागीपर्ने अठोट गर्दै गाउँका मानिसलाई खुसी बनाई। गाउँका मानिसले आफ्नो छोराछोरीलाई स्कुल पठाउन थाले। गाउँ परिवर्तन हुँदै गयो। अन्त्यमा उसका आमाबुबाले बुझे कि छोरी पनि कुनै अवस्थामा कमजोर बन्न सक्दैनन्। संघर्ष, लडाइँ गरी आफ्नो उद्देश्य पूरा गर्ने शक्तिशाली छोरी हुँदा रहेछन् भन्ने लाग्यो। सबै खुशी साथ एकै ठाँउमा बस्न थाले।

**– प्रतिक्षा संग्रौला, दुर्गा मावि गरामनी**

# धर्म र ईश्वर

**ज्ञानराज सुवेदी,**

आत्माका पिता परमात्मालाई नै ईश्वर भन्दछन्। ईश्वरका बारेमा अहिलेसम्म जति सुनियो ती सबै ९०% झुटो सुनिएको छ। वास्तवमा ईश्वर र धर्म भन्ने चिज उस्तै-उस्तै भए पनि केही भिन्नता छ। ईश्वर कर्ता हुन् भने धर्म कर्म हो। धर्म नचिन्नाले आज संसारमा विभिन्न धर्म र सम्प्रदाय बने। राम माने पनि, कृष्ण माने पनि, अल्लाह माने पनि, येशू ख्रीष्ट माने पनि, मान्न खोजेको ब्रह्म तत्व चै एउटै हो।

जसको जति बुद्धि छ उसका मतिले त्यति नै धर्म मान्छ र ईश्वरलाई अनकन्टार कुनामा खोज्न खोज्छ। परमेश्वरले टुप्पी समाएर चौरासी घुमाइरहेका छन् ऊ थाह पाउँदैन। संसारमा माग्नु जस्तो तुच्छ कुरो अर्कै हुँदैन। उनै परमेश्वरले दुई हात दिएर पठाए गरिखा भनेर। मानिस मन्दिरमा गएर भगवानसँग माग्न थाल्छ मलाई यति यस्तो चाहियो उस्तो चाइयो भनेर। भगवानले दिने कुरा पहिले नै दिइसकेका छन्, उसको अघिल्लो जन्मको कर्म हेरेर। पाप गरेको भए दुःख मिल्छ पुण्य गरेको भए सुख मिल्छ, यो शाश्वत सत्य हो।

त्यसैले साधु सन्तहरु अरुलाई कहिले दुःख दिँदैनन् बरु सुख दिन्छन्। 'शीतल साधु सङ्गम' त्यसै भनेको होइन। सज्जनहरु शीतल स्वभावका हुन्छन्। दयालु हुन्छन् र परोपकारी हुन्छन्। दया, माया, परोपकार, उपकार गर्नु सज्जनका लक्षण हुन्। घृणा, निन्दा, चर्चा, हिंसा अरुलाई दुःख दिनु, ठग्नु, चोर्नु दुष्ट मानिसका स्वभाव हुन्। ती पापी वा हिंस्रक जनावर सरह ठहरिन्छन्। मानिस र कुमानिसमा यति नै फरक देखिन्छ। सत्व, रज र तमो गरी प्रकृतिमा तीन गुणहरू रहेका छन्। सत्वगुणले ज्ञान, बुद्धि, विवेक दिन्छ। रजोगुणले लोभ लालसा बढाउँछ। तमोगुणले हिंसा, हत्या, अज्ञान, क्रुर र पापात्मा बनाउँछ।

यो मानिसको प्रकृतिमा भरपर्दछ। यी आफ्नै कमाईहरु हुन्। दैबले पक्ष गरेर कसैलाई धेरथोर थोपरेका छैनन्। मूढ बुद्धिले ढुङ्गामा परमेश्वर देख्छ। सचेत बुद्धिले हरेकको आत्मामा परमेश्वर देख्दछ। उसले जंगल जंगल कुदेर परमेश्वर पाउँदैन। परमेश्वर भनेकै चैतन्य रूप हुन्। चेतना धेर थोर सबै प्राणीमा रहन्छ। परमेश्वर निराकार निर्गुण सर्व प्राणीका चेतनाका रुपमा रहन्छन्। अजर र अमर पनि हुन्छन्। यिनै भगवान सत्व, रज र तमो गुणबाट कार्य गर्दछन्। यी ती गुणहरू हाम्रा पूर्व जन्मका पाप र पुण्यका कमाई हुन्।

तसर्थ मनसा, वचसा, र कर्मणा कुनै पनि प्रकारको पाप आफूमा रहनु हुँदैन। आत्मा हरबखत पवित्र राख्नुपर्दछ, कसैमाथि कुभलो चिताउनु हुँदैन। कसैको कुभलो गर्नु हुँदैन कसैलाई पीडा दिनु हुँदैन कहिल्यै कतै हिंसा गर्नु हुँदैन। हिंसा भन्नाले काटमार हो र पर निन्दा पनि हिंसामा नै ठर्दछ। पर चिन्तन अर्काको कुरो गर्नु भन्दा परमेश्वरको चिन्तन गर्नु बेस हो। परमेश्वरको चिन्तन गर्नु भनेको योग हो। आफ्नो चिन्तन परमेश्वरमा रहनाले पहिलेका पापहरू नाश भएर जान्छन् भन्ने शास्त्रीय प्रमाणहरु प्रशस्त छन्। हाम्रा पूर्खाहरू योग गर्दथे। तिनीहरूलाई पुण्य भागी वा पुण्यात्मा भन्नुपर्दछ। हाम्रा वेद, पुराण, उपनिषद् र गीताहरुले यही भन्दछन्। कतिपय मानिसहरू हाम्रा संस्कृतिलाई नै धर्म मान्दछन्। श्राद्ध गर्नु, पूजाआजा गर्नु, व्रत बस्नु भनेको हाम्रो संस्कार मात्र हो धर्म होइन। धर्म भनेको हृदयको सच्चाई हो पवित्रता हो परोपकार हो दया हो, माया हो।

तसर्थ विवेकशील मानिस भएर कु बुद्ध नहौं, अरूको खैरो नखनौं, शालीन बनौं, दानी बनौं, परोपकारी बनौं, मनुका सन्तान सम्झी वा परमेश्वरका सन्तान हौ भने विवेक र बुद्धिले काम गरौं। यसैमा हाम्रो भविष्य राम्रो छ। धर्म, कर्म र मोक्ष यसैले दिलाउँछ। स्वर्ग यसै गर्नाले पाइन्छ। त्यसै गरौं।

# मान्छे र रोबोटको प्रेमकथा 'कान्छी'



**खगिन्द्रा खुसी**

पढ्न त यथार्थपरक पुस्तक पढ्न मन पर्छ। अझ आत्मकथा मेरो रोजाइको विधा हो। तर, पछिल्लो समयमा एउटा काल्पनिक पुस्तक पढें। यस्तै खालको अर्को उपन्यास पाँच सात वर्ष पहिला पनि पढेकी थिएँ। साहित्यकार मुक्तिप्रसाद उपाध्यायको 'मालती' उपन्यास हो मैले पढेको उपन्यास। मालती एउटा विज्ञानपरक बाल उपन्यास हो। उपन्यासमा मालती रोवोट पात्र राखिएको थियो। यसरी विज्ञानलाई उपन्यासमा समावेश गरिएको पहिलो उपन्यास पढेकी थिएँ मैले मालती। साह्रै चाख लागेर पढें, दुईपटक सम्म पढें। बालमनोविज्ञान प्रयोग गरिएको, बालबालिकाले पढ्नै पर्ने पुस्तक लाग्यो त्यो उपन्यास।

यदाकदा प्रसङ्गहरुमा कुरा गरिरहने कृति बन्यो त्यो मेरा लागि। पछि त्यस उपन्यासले भारतको साहित्य अकादमी बाल साहित्य पुरस्कार(२०१५) प्राप्त गऱ्यो। त्यसपछि मुक्तिसरसँग कहिलेकाहीं भेटघाट भइरहे तापनि उहाँका कृतिहरु भने पढेकी थिइन। पछिल्लो समय 'डा.द्रोणकुमार उपाध्याय स्मृति ग्रन्थ' प्रकाशनका क्रममा डा. भीमकान्त उपाध्यायसँग अन्तर्वार्ता लिनका लागि शिलगढी माटिगाडाहाट पुगेको समयमा उहाँले फेरि आफ्ना अन्य केही पुस्तकहरु हातमा राखिदिनु भयो। द्रोणसरको स्मृति ग्रन्थ प्रकाशनको धमाधमले ती पुस्तकहरु घरमा ल्याएर थन्क्याउने मात्र काम भयो, पढ्न भ्याइएन। आजभोलि समय तुलनात्मक रुपमा केही फुर्सदिला भएका छन्।

त्यसैले त्यसवेला थन्क्याएर राखेका पुस्तकहरु खोतल्न मन लाग्यो। सबैभन्दा पहिला नै मुक्ति सरका पुस्तकहरु देखापरे। ती मध्ये पनि हेर्दै जाँदा 'कान्छी' नामक पुस्तकको तलतिर लेखिएको 'विज्ञान उपन्यास'मा आँखा पुग्यो र आँखाले अरु केही खोज्दै खोजेन। विज्ञान उपन्यासको छाप परेको मनमा विज्ञान उपन्यासले तान्नु स्वभाविक नै थियो। कान्छीलाई हातमा लिएर सोफामा लिएर ढल्किएको बेलुकाको दुई घण्टा र भोलिपल्ट वेलुकाको तीन घण्टा पढ्दा सबै उपन्यास नै पढिसकियो। मैले थोरै पुस्तक मात्र यसरी जम्मै पढिसक्छु। कुनै शुरु गरेर छाड्छु, कुनै आधा पढेर छोड्छु, कुनै अन्त्य गर्ने बेलामा छोड्छु। कुनै-कुनै मात्र यसरी जम्मै पढ्छु। मालती जवर्जस्ती पढ्नु परेन। यसमा अरु उपन्यासमा जस्तो प्रेमी प्रेमीका बीचको प्रेम सम्बन्ध छैन, मान्छे र रोबोटबीचको सामान्य प्रेम र प्रेमी प्रेमीका बीचको प्रेम छ। अन्य उपन्यास भन्दा विषयवस्तु, घटना र पात्र पनि फरक परेर हुनसक्छ शुरु गरेपछि नसकिउन्जेल पढिरहनै मन लाग्यो।

उपन्यास यस्तो छ- कृष्ण सुवेदी नामका पात्रलाई आफ्नी आमाको स्याहार सुसार गर्नका लागि र घरका सारा काम गर्नका लागि मान्छे चाहिएको छ। पहिला राखेका कामदारहरुले घरमा भएका सम्पति चोरेर भागेकोले जोसुकैलाई राख्न पनि नचाहिरहेको अवस्थामा उसको साथी सूर्य वरालले उसलाई ऋमारवि फ्याक्ट्रीका सन्चालक हात्तीबाबा अर्थात् विवेकसँग परिचय गराइदिन्छ। ऋमारवि रोबो फेक्टरीले मानव समाजका लागि रोबोट तयार पारिरहेको छ। विवेकबाटै उसले कान्छी र प्रसाद नामका दुई महिला र पुरुष शरीरका रोबोट भाडामा लिन्छ र घर लिएर जान्छ। कान्छी एक अत्यन्तै सुन्दरी महिला शरीरकी रोबोट, उसमा घरमा आमाको सुसारेका लागि तयारी गरिएको हुन्छ र प्रसादलाई भान्सा तथा घरका अन्य कामहरुका लागि तयार पारिएको हुन्छ।

कान्छीलाई घरमा लिएर आएदेखि नै आमाको स्याहार सुसार गर्छे। खुट्टा माडिदिन्छे। मान्छेजस्तै बोल्ने, व्यवहार गर्ने कान्छीलाई कसैले पनि रोबोट हो भनेर शंका गर्न नसक्ने गरी बनाइएको हुन्छ। प्रसाद पनि आए देखि नै घर भान्साका काममा व्यस्त हुन्छ। आमालाई कान्छी रोबोट हो भन्ने थाह दिइँदैन। कान्छीका कारण आमाका दिन फिर्छन्। गाडी लिएर बजारतिर जाने, मन्दिर, हस्पिटल सबैतिर जाने गर्छे कान्छी। आफन्तका बिहेबटुलामा, गाउँतिर सबैतिर गएर सबैको मन जित्न सफल हुन्छे कान्छी। कृष्ण एक अविवाहित युवक हुन्छ। महिला आकृतिकी कान्छी रोवोटसँग सधैं उठवस गरिरहँदा, व्यवहार गरिरहँदा धेरैपटक कृष्ण रोबोट कान्छीसँग आकर्षित हुन्छ भने यता कान्छीले विभिन्न समयमा माया प्रेम तथा अन्य विषयमा जिज्ञासा राखिरहन्छे कृष्णसँग। एकपटक गाउँपुगेर फर्किंदा उसले कृष्णसँग प्रेम गर्छु भनेर आफ्नो प्रेम व्यक्त गर्छे। कृष्ण छक्क पर्छ। 'तिमी रोबोट हौ तिम्रो र मेरो प्रेम सम्भव हुँदैन' भन्दा कान्छीका आँखामा आँशु देखिन्छन्। त्यसको अर्को दिन नै कृष्णले कान्छीलाई विवेक(ऋमारवि फ्याक्ट्री)भए ठाउँमा पुऱ्याउँछ र भएका सबै व्यहोरा सुनाउँछ। केही दिन अध्ययन गरेर हेर्ने, के कारणले त्यस्तो भएको हो ? भनेर कान्छीलाई त्यहीं राखेर पिङ्की नामकी अर्की रोबोट केटीलाई साथ लगाएर पठाउँछन्। पिङ्कीसँग आमा खुशी हुन्नन्। कान्छीको हँसिलो अनुहार र फर्स्याइलो व्यवहारले खुशी बनेका आमा र कृष्णकी दिदी मेघा अह्राएको मात्र काम गर्ने र नहाँस्ने पिङ्कीदेखि खुसी हुँदैनन्। कान्छी रोबोट हो भनेर कसैलाई थाहा नदिएको कृष्णले कान्छीकी आमा बिरामी भएको कारण आमालाई हेर्नका लागि लगिदिएको भनेर ढाँटेर ऋमारवि पुऱ्याएको हुन्छ। केही समयपछि कृष्ण आफैं गएर पिङ्कीलाई पुऱ्याएर कान्छीलाई लिएर आउँछ। कान्छी आमाहरु भेटेपछि खुसी हुन्छे आमाहरु पनि कान्छी भेटेपछि मख्ख पर्छन्। कान्छी रोबोट हो भन्ने कुरा थाहा नपाएकी आमाले रोबोट हो भनेर थाहा पाउँदा मानसिक असर पर्न सक्छ, सम्हाल्न सकिँदैन भनेर पटक पटक कृष्णले आमाबाट रोबोट कान्छीका सम्बन्धमा कुरा लुकाउँछ।

फेरि लिएर आएपछि पनि कान्छीमा कृष्णप्रति प्रेम रहिरहेकै हुन्छ। कृष्णकी दिदीको बच्चा जन्मिएपछि उसले पटक पटक म पनि बच्चा जन्माउँछु भनेर कृष्णका सामु जान्छे, बच्चा कसरी हुन्छ भन्ने कुरा कान्छीको मेमेरीमा नभएकोले कृष्णलाई जिज्ञासा राखिरहन्छे। कृष्णमा पनि कान्छीशरीरप्रति आकर्षण भइरहन्छ। एकपटक कृष्णले सपनामा प्रेमीका रन्ध्रतासँग रमाइरहेको समयमा कान्छीले आएर उठाउँछे। सपनामा रोमान्चित भइरहेको कृष्ण विपनामा कान्छी छेउमा पाएपछि आफूलाई सम्हाल्न नसकेर कान्छीलाई अँगालेर अनुहारभरि चुम्बन गर्छ।

समय बित्दै जाँदा कान्छीले मन जित्दै जान्छे आमाको। एकदिन आमाले कृष्णलाई पूजागर्ने ठाउँमा बोलाएर सपनामा शंकर भगवानले कान्छीसँग तेरो छोराको विवाह गरिदे भन्नुभयो भन्दै कान्छीसँग विवाह गर्नका लागि कर गर्छिन्। कृष्णले धेरै युक्तिसाथ त्यो अवस्थामा आमाबाट छुटेर वाहिर निस्क्यो। त्यसपछि यस विषयमा आफ्नी प्रेमीका रन्ध्रता उसकी दिदी दमयन्ती, साथी सूर्य तथा विवेकसँग पनि कुरा गऱ्यो। सबैले कान्छीलाई पनिसँगै राखेर सम्झाउनु पर्छ भनेपछि। घरभन्दा बाहिर सबैका साथमा कान्छीलाई राखेर सम्झाए। तिमी रोबोट हौं ... भन्दै। कान्छीले पनि हो म रोबोट हुँ, मसँग मान्छेको जस्तो माया गर्ने मन हुँदैन भन्छे। उसले दुःखी बनेर त्यसो भनेकी थिइन। भोलिपल्ट विहान आमाले पूजागर्ने बेलामा कान्छीलाई खोजिन्। कान्छी कहीं थिइन्, घरवरिपरि, घर वाहिर, आफन्तकोमा, कान्छीसँगै गाडी पनि थिएन। कतै नभेटिएपछि विवेककोमा फोन गर्छ कृष्णले, सवै व्यहोरा सुनाउँछ। विवेकले कान्छीको जी.पी.एस. जाँच गर्छ। त्यसमा कान्छी राति तीनबजे भानुटार डाँडासम्म पुगेको ट्रेस हुन्छ। त्यसपछि कुनै रेकर्ड कम्प्युटरमा नभएको जानकारी गराउँछ। पुलिसलाई पनि खबर गर्छन्। सबै भानुटार डाँडा पुग्छन्। त्यहाँ पुग्दा गाडी डाँडाबाट तल झरेको र गाडीमा आगलागी भएको देखिन्छ। पुलिसलाई कान्छी रोबोट हो भनेर जानकारी थिएन। पुलिसले आफ्नो काम गर्छन्। यता विवेकले कान्छी गाडीमा नभएको कुरा गरेर कान्छी गाडीमा भएदेखि उसको मेटेलिक शरीरको अवशेष त्यहीँ भेटिनुपर्ने हो भन्छ। कान्छी जस्ता रोबोटलाई कि त फ्याक्ट्रीले, कि त उनीहरु आफैंले आफूलाई नष्ट गर्न सक्छन् भन्ने कुरा स्पष्ट पाऱ्यो। त्यसो भए आफूले भनेजस्तो नभएपछि, रीसमा अरुलाई हानी गर्नुको सट्टा कान्छीले आफैंलाई नष्ट गरिदिएको पुष्टि हुन्छ। कृष्णसँगको प्रेममा परेकी कान्छी रोबोटले आफ्नो प्रेम नबुझेको कारण आफूलाई नै नष्ट गरिदिन्छे।

यसरी कान्छी एक मानव र रोवोट बीचको प्रेम सम्बन्धको वियोगात्मक प्रेमकथा हो। वर्तमानभन्दा पनि भविष्यको रोबोट समाजको चाहना राखेर लेखिएको कान्छी विज्ञान उपन्यास अत्यन्तै चाखलाग्दो र सफल भएको छ।

तर पढ्दै जाँदा धेरै कुरा खड्किन्छन् कथामा। रोबोट भए पनि उसलाई कुनै सामान द्वारा बनाइएको छ। उसका शरीरका पार्टपूर्जा बिग्रिनुपर्ने हो, भत्किनु पर्ने हो, भाँचिनु, कोत्रिनु पर्ने हो, कहिलेकाहीं चार्ज सकिनुपर्ने हो, कहिले आवाज सानो ठुलो हुनुपर्ने हो, कहिले न कहिले त आमा, दिदीहरुलाई किन मान्छे जस्तो छैन भन्ने शंका लाग्नुपर्ने हो। तर त्यस्तो कहिल्यै कसैलाई लाग्दैन। शारीरिक रुपमा रोबोटमा कहिल्यै समस्या देखाइएको छैन। अर्को कुरा आँसु आउने कुरा। कसरी भाव अनुसार आँशु आउँछ रोबोटमा ? तर यस विषयको समाधान दिएका छन् पछि विवेकले चित्त बुझ्नेगरी आँशु आउनाको कारण पनि बताएका छन्। यसरी काल्पनिक भए पनि पढ्न मन लागिरहने एउटा उपन्यास पाएँ कान्छी उपन्यास।

जनप्रतिनिधिकै मिलेमतोमा मेचीनगरका खोला दोहन

# ट्युववेलमा पानी आउन छाड्यो, पानीको हाहाकार

**पार्थ मण्डल**

**झापा, जेठ ७।** जथाभावी नदीजन्य पदार्थको उत्खनन्ले नदी तथा खोला आसपासका बासिन्दा घरबार छाडेर पलायन हुनुपर्ने अवस्थामा पुगेका छन् ।

दोस्रो लहरको कोरोना भाइरस संक्रमण नियन्त्रण तथा रोकथामका लागि स्थानीय प्रशासनले घर बाहिर ननिस्कन आदेश जारी गरेका बेला उत्तरी झापावासी अहिले पिउने पानीको अभाव झेल्न बाध्य भएका छन् ।

स्थानीय तहको मिलेमतोमा हुने अवैध नदीजन्य पदार्थ उत्खनन्का कारण अहिले मेचीनगर नगरपालिका-३मा पिउने पानीको हाहाकार मच्चिएको छ । वडा नम्बर-३स्थित बडाखाल र महल्यागाउँका करिब २ सय घरमा रहेको ट्युववेलमा पानी आउन छाडिसकेको स्थानीयले बताएका छन् ।

मेचीनगर नगरपालिकाले खोला तस्करसँगको मिलेमतोमा गाउँको पश्चिमी भागबाट बग्ने निन्दा खोला मनपरि रुपमा उत्खनन् गर्दा नदी गहिरिएर पानी सुकेको स्थानीयले बताएका छन् । बिगतदेखि नै अवैध रुपमा नदी दोहनमा सक्रिय रहँदै आएको मेचीनगर नगरपालिकाले एक मिटर मात्रै उत्खनन् गर्नुपर्ने ठाउँमा साढे ३ मिटरसम्म नदी खनेकोले गाउँभरिको ट्युववेल सुकेको उनीहरू बताउँछन् ।

'विवाह गरेर गाउँमा आउँदा ट्युववेलमा पानी आइरहेको थियो, स्थानीय अनुपा मेचे भनिन्- 'केही वर्षयता देखि ट्युववेलमा पानी आउनै छाडिसक्यो, मेरो घरमा नभई गाउँका अधिकांश घरको ट्युववेलमा अहिले पानी आउँदैन ।' छेउमै रहेको खोला जथाभावी खन्दा अघिल्लो वर्षको तुलनामा यसबर्ष टोलभरिका ट्युववेलको पानी सुकेको स्थानीय मणिकुमार सुनुवारको भनाइ छ । जसले गहिरो खनेर ट्युववेलको पाइप गाडियो त्यसको घरमा अलिअलि पानी आइरहेको बताउँदै उनले भने- 'अरूको घरमा पानी आउन छाड्यो ।'

वातावरण परीक्षण (आइइइ) गरेर सोही प्रतिवेदनका आधारमा निश्चित परिमाणमा मात्रै नदीजन्य पदार्थ उत्खनन् गर्ने गरी नगरपालिकाले ठेक्का लगाउनुपर्ने भए पनि केही वडाध्यक्ष र अन्य जनप्रतिनिधिको मिलेमतोमा नगरभित्र रहेका निन्दा, मेची, टिमाई, हडिया लगायतका नदी निर्बाध रुपमा उत्खनन् हुँदै आइरहेको छ । नगरपालिका आफै दोहनमा लागेकाले गाउँमा पिउने पानीको अभाव भएको स्थानीय गोविन्दप्रसाद सेढाँईले बताए । 'खोलामा दादागिरी चलेको छ, मेयरलाई फोन गरौं कि भनेर सोच्दा सबैको सेटिङ छ भन्ने आवाज आयो- उनले भने- 'यसलाई रोक्न हामीले पत्रकार गुहार्नु पऱ्यो ।'

घरको ट्युववेलमा पानी आउन छाडेपछि जसको घरमा अलिअलि पानी आइरहेको छ बाल्टिन लिएर त्यसैकोमा पुग्नुपर्ने अवस्था आएको स्थानीय सपना धिमालले गुनासो पोखिन् । नदी उत्खनन्का कारण पानी सुकेको भन्दै नगरपालिकालाई हारगुहार गरेको भए पनि उल्टै जनप्रतिनिधिले गैह्रजिम्मेवार कुरा गरेर फर्काउन थालेको स्थानीय प्रदीप सेढाँईले बताए ।

हामीले पटक-पटक जनप्रतिनिधिलाई बोलाएर पानीको समस्या बारेमा देखायो- उनले भने- 'जनप्रतिनिधि भन्छन्- पानी सुक्नु संसारभरिकै समस्या हो, अब गाउँवासीलाई नगरपालिकाले बोरिङ गरिदिन्छ ।'

यता अवैध नदीजन्य पदार्थ उत्खनन् जनप्रतिनिधिको मिलेमतोमा दोहन भइरहेको विषयमा नगरपालिकालाई जानकारी गराइसकेको र समस्याको समाधान नगरपालिकाले नै गर्ने वडा नम्बर ३का वडाध्यक्ष हर्क बस्नेतले बताए । 'वडा कार्यालय र वडाका जनप्रतिनिधिले जथाभावी



उत्खनन् रोक्न सक्दैनन्'- उनले भने ।

**नक्कली रसिद छापेर नदी दोहन गर्दै जनप्रतिनिधि**

मेचीनगरका जनप्रतिनिधिले नक्कली रसिद छापेर नदी दोहन गर्नुका साथै लाखौं राजश्व समेत हिनामिना गरेको तथ्य बाहिर आएको छ । नदीजन्य पदार्थ तस्कर गर्नेलाई पक्षपोषण गर्दै आएका मेचीनगरका केही जनप्रतिनिधिले नक्कली रसिदमार्फत राजश्व हिनामिना गरेको तथ्य खुलेको छ ।

नगर क्षेत्रको मेची, निन्दा, टिमाई हडिया लगायतका नदीबाट उत्खनन् गरिएको नदीजन्य पदार्थको कर बापतको राजश्व उठाउने रसिदको ठेली नै कार्यपालिका सदस्य टीकाराम मंग्रान्ती, कृष्ण कनाल र वडा नम्बर १०का वडाध्यक्ष सुवेश पनेरुले गायव गरेका छन् । उनीहरूले नगरपालिकाबाट ५० प्रति भएका १५०भन्दा बढी रसिद बुक गत असोज लिएका थिए । तर, उनीहरूले अहिलेसम्म रसिदको अर्धकट्टी तथा राजश्व रकम नबुझाएपछि जनप्रतिनिधि नै नदी दोहन घोटालामा संलग्न रहेको तथ्य सार्वजनिक भएको हो । नगरपालिकाले उनीहरूको नाममा पटक-पटक सूचना जारी गर्दै चाँडो करको रसिद र राजश्व बुझाउन ताकेता गरिसकेको मेयर विमल आचार्यले बताए । जनप्रतिनिधिलाई दिएको जिम्मेवारी पूरा नगर्दा समस्या आएको बताउँदै मेयर आचार्यले भने- 'अहिले नक्कली रसिद छाप्नेदेखि राजश्व छलेको विषयमा पनि धेरै कुरा उठिरहेको छ, त्यस विषयमा नगरपालिकाले पनि अनुसन्धान गरिरहेका छ । जनप्रतिनिधिले समयमा रसिद नबुझाउँदा माथिल्लो निकायमा पनि कर बुझाउन सकिएको छैन- उनले भने ।

गत आर्थिक वर्ष ०७७/०७८ मा साढे चार करोड रुपैयाँमा नगरपालिका क्षेत्रभित्रका नदीजन्य पदार्थ उत्खनन् गर्न ठेक्का नगरपालिकाले लगाएको थियो । चालू आर्थिक वर्षको असोजसम्म खोलाको ठेक्का नलागेपछि नगरपालिकाले खोला कर उठाउन जनप्रतिनिधि मंग्रान्ती, कनाल र पनेरुलाई जिम्मा दिएको थियो । उनीहरूले १५० वटा रसिदका बक लगेका थिए । त्यो रसिद बराबरको रकम अझै नगरपालिकाको राजश्व शाखामा दाखिला नभएपछि केही जनप्रतिनिधि आक्रोशित बनेका छन् । उनीहरूले नगरपालिकाबाट लगेको रसिदको बुक बुझाउनुको सट्टा नक्कली रसिदको प्रयोग गरी नदी दोहन गरेको स्वयम् जनप्रतिनिधिहरू नै बताउँछन् । नगरपालिकाबाट लगिएको १५० वटा बुङ्को मात्र हिसाब अहिलेसम्म देखिएको बताउँदै मेचीनगर-१३का वडाध्यक्ष कृष्णराज सिग्देलले भने- 'त्यसपछि कहाँबाट कसरी कति रसिद छापियो, त्यस रसिदबाट उठेको करको रकम कहाँ गयो, अहिलेसम्म त्यसको लेखाजोखा छैन ।' 'नगरपालिकाले दिएको बाहेक अन्य नक्कली रसिद खोलामा प्रयोग हुँदा खोला कति गहिराइ खनियो, त्यो पनि नगरपालिकासँग रेकर्ड छैन'- उनले भने ।

नगरपालिकाका राजश्व शाखा प्रमुख खेम प्रसाईंका अनुसार अघिल्लो पटक लगिएका रसिद अहिलेसम्म नगरपालिकालाई बुझाएको छैन । १० हजारदेखि १६ हजारसम्मको १२० वटा र १ देखि १० हजारसम्मको ३० वटा रसिद आउन बाँकी रहेको उनको भनाइ छ । नगरपालिकाले गत चैत ३ गते उनीहरूलाई पत्राचार गरी उठेको राजश्व दाखिला गर्न र रसिदको कार्बन कपी बुझाउन निर्देशन दिएको थियो । त्यो निर्देशनपछि उनीहरूले लगेको १५० वटा रसिदको बुकमध्ये ५० वटा रसिद मात्र फिर्ता दिएको नगरपालिकाले जनाएको छ ।

यता नदीजन्य पदार्थ खरिद गरी भण्डारण गर्दै आएकाहरूले समेत दिनमा एक पटक रसिद काटेपछि ६ पटकसम्म नदीजन्य पदार्थ निर्बाध रुपमा ओसार्न पाइने गरेको बताएका छन् । उनीहरूले लगेको रसिद अनुसार राजश्व दाखिला नभएको र नक्कली रसिद पनि छापिएको हुनसक्ने छानबिन समितिका सदस्य तथा वडा नम्बर ११का वडाध्यक्ष सन्तोष मेचेले बताए । 'यस विषयमा उनीहरूसँग लिखित रिपोर्ट मागेका छौँ, त्यसपछि मात्र वास्तविक घटना बाहिर आउँछ'- उनले भने ।

सार्वजनिक खरिद ऐनलाई समेत लत्याएर नगरपालिकाको बोर्ड बैठकले सोझै कार्यपालिका सदस्यहरूलाई नदीजन्य पदार्थ सङ्कलन बापतको कर असुल्ने अधिकार दिएकोले समेत उनीहरूले घोटाला गरेको नगरवासीको भनाइ छ । नगरपालिकाले नदीजन्य पदार्थको तस्करी रोक्न नसक्दा नगर क्षेत्रभित्रका खोला नाला अधिक दोहन भइसकेको खोला आसपासका स्थानीयले बताएका छन् । नगरपालिकाले चालू आर्थिक वर्षमा ढुङ्गा र बालुवा उत्खनन्का लागि मेची र निन्दा नदीमा ठेक्का लगाएन भने हडिया र टिमाईको मात्र ठेक्का लगाएको जनाइएको छ ।

# बारले दियो अक्सिजन बैंकका लागि ४५ हजार रुपैयाँ

**भद्रपुर, जेठ ७।** नेपाल बार एशोसिएशन झापाले कोरोना भाइरसका कारण अक्सिजनको अभावमा मृत्युवरण गरिरहेका सिकिस्त बिमारीहरुलाई सामान्य सहयोग पुऱ्याउने उद्देश्यले ३ थान अक्सिजन सिलिण्डर बापतको नगद ४५ हजार सहयोग रकम हस्तान्तरण गरेको छ ।

एशोसिएशनको सभाहला चन्द्रगढीमा आयोजित कार्याक्रमकाबीच एकका लागि एक अभियानका सहसंयोजक बिनोद बस्नेत तथा रेडक्रस सोसाइटी झापा सभापति लोकराज ढकाललाई उक्त रकम बराबरको चेक हस्तान्तरण गरिएको हो । कार्यक्रममा बोल्दै एशोसिएशनका अध्यक्ष हरि अधिकारीले विश्वव्यापी रुपमा फैलिरहेको कोरोना भाइरसबाट उच्च जोखिममा रहेका संक्रमितहरुको उपचारमा अक्सिजनको अभाव रहेकोले व्यक्तिको स्वास्थ्यप्रतिको मानव अधिकारको सम्मान गर्दै विपतिको यस घडीमा सो रकम सहयोग गरेको बताए ।

उनले निषेधाज्ञाको समयमा घरमै रहन बाध्य हुनुपरेको हुँदा घरेलु हिंसाजन्य घट्ना कसुर समेत हुन सक्ने भएकोले कानून विपरीत हुने कार्य कोही कसैबाट भएमा स्थानीय जनप्रतिनिधि, प्रहरी, राष्ट्रिय महिला आयोग तथा सिँधै अदालतमा उजुरी गर्न समेत सरोकारवाला सम्वन्धित पक्षलाई आग्रह गरे ।



सचिव हेमकला कट्टेलको सञ्चालनमा सम्पन्न कार्यक्रममा अभियानका सहसंयोजक बिनोद बस्नेतले अक्सिजन अभावमा झापाका धेरै सर्वसाधाराणले ज्यान गुमाउन बाध्य हुनुपरेको बताउँदै उहाहरुलाई बचाउन आफूहरुले अभियानको थालनी गरेको बताए । अक्सिजन अभावमा कुनै पनि झापालीले मर्न नपरोस् भन्ने योजनामा आफूहरु रहेको बताउँदै अभियान सञ्चालन गरेको ५ दिनमा ४ सय बढी अक्सिजनको सिलिण्डर जम्मा गरी संक्रमितहरुलाई उपलब्ध गराएको उनको भनाइ छ ।

रकम ग्रहण गर्दै सोसाइटी झापा अध्यक्ष लोकराज ढकालले सरकारसँग सम्झौता नै नगरी झापाका निजी अस्पतालहरुले संक्रमित बिमारीहरुबाट मनोमानी तरिकाले लाखौंलाख रकम लुट्ने गरेको बताउँदै यस्तो क्रियाकलाप तत्काल रोक्न एशोसिएशनले पहल गर्नुपर्ने बताए ।

कार्यक्रममा डिएलए झापा अध्यक्ष यज्ञप्रसाद अधिकारी लगायतका कानून व्यवसायीहरुको सहभागिता रहेको थियो । निषेधाज्ञाको बेला घरेलु हिंसा तथा झैंझगडामा परेका बेसहरा असहाय पक्षलाई निषेधाज्ञाको अबधिभर तत्काल उजुरी दिनुपरेमा झापा वारमार्फत निःशुल्क कानूनी सहायता उपलब्ध गराइने झापा वारले जनाएको छ ।

## पैदलयात्रीको मृत्यु

**झापा, जेठ ७।** झापाको कमल गाउँपालिका-३ मा भएको सवारी दुर्घटनामा एक जनाको मृत्यु भएको छ ।

झापाको कमल गाउँपालिका-३ सानो केर्खामा प्रदेश ३-०१-०२४ च ४५३५ नंम्बरको स्कार्पियो गाडीले पैदल यात्रीलाई ठक्कर दिँदा शिवसताक्षी नगरपालिका-१का ६२ बर्षीय साने दर्जीको घटनास्थलमा नै मृत्यु भएको हो ।

घटनास्थलमा प्रहरी टोली खटी गई ठक्कर दिने स्कार्पियो र चालकलाई नियन्त्रणमा लिएको तथा अन्य थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## खाना पकाउने ग्यास चुहिँदा...

**पाँचथर, जेठ ७।** कुम्मायक गाउँपालिकाको एक घरमा आगलागी हुँदा रू १९ लाख ४६ हजारको क्षति भएको छ ।

प्रहरीका अनुसार वडा नं. ४ याशोक बजारका प्रकाश काफ्लेको चार तल्ले घरको चौथो तल्लामा आगलागी हुँदा काठ, जस्ता र प्लाईले बनेको चौथो तला जलेर नष्ट हुँदा उक्त क्षति भएको हो ।

खाना पकाउने ग्यास चुहिँदा भएको सो आगलागी स्थानीयवासी र प्रहरीको सहयोगमा नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# कोभिड संक्रमितलाई निःशुल्क एक्सरे सेवा

**मेचीनगर, जेठ ७।** मेचीनगर नगरपालिकाले नगरभित्रका कोभिड-१९ संक्रमित नागरिकका लागि निःशुल्क एक्स-रे सेवा सञ्चालन गरेको छ ।

मेचीनगर नगरपालिकाले आफ्नो नगरभित्रका कोभिड-१९ संक्रमितहरुलाई मध्यनजर गर्दै नगरभित्र एक्स-रे सेवा सञ्चालन गरेको हो ।

पीसीआर रिपोर्ट पोजेटिभ आएका बिरामीमध्ये एक्स-रे गराउन चाहनेले दैनिक अपरान्ह ३ बजेदेखि ५ बजेसम्म मेचीनगर-१०स्थित आम्दा मेची अस्पताल धुलावरीमा एक्स-रे गराउन सक्ने कोभिड १९ कार्यदलको सचिवालयका सचिव अनन्तप्रकाश वस्तीले जानकारी दिए ।

कोभिड-१९ संक्रमितमा निमोनिया छ कि छैन भनेर परीक्षण गर्न छातीमा संक्रमणको निदान गर्न एक्स-रे अनिवार्य भए पनि नगरमा एक्स-रे मेसिन नभएपछि धेरै बिरामी एक्स-रे गर्नकै लागि मेची प्रादेशिक अस्पताल भद्रपुरसहित अन्य निजी अस्पताल धाउन बाध्य थिए । अब भने यो समस्य टरेको छ ।

एक्स-रे गराउनले अग्रिम नाम दर्ता गरी ३ बजेदेखि ५ बजेसम्म एक्स-रे गराउन सकिने र एक्स-रे वापत कुनै शुल्क तिर्नु नपर्ने मेचीनगरका बरिष्ठ प्रशासकीय अधिकृत समेत रहेका वस्तीले जानकारी दिए ।

संक्रमित भएर होम आइसोलेसनमा बसेका बिरामीहरुलाई छातीको संक्रमण हुने र अवस्था गम्भीर हुन थालेपछि संक्रमण पुष्टि हुनासाथ छातीको एक्स-रे गराउनुपर्ने चिकित्सकहरुले सुझाव दिन थालेका छन् । तर, छातीमा संक्रमणको निदान गर्न एक्स-रे अनिवार्य भए पनि नगरमा एक्स-रे मेसिन नभएपछि धेरै बिरामी मारमा परेका थिए ।


**सेफ्टी ट्याङ्की तथा ढल सफाई**
अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
'चट्ट फोन झट्ट सेवा'



सम्पर्कः ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००,
९८०७९३०७४०, ९८१७९२९३९४

**पसल बिक्रीमा**
बिर्तामोडस्थित शनिश्चरे रोड राष्ट्रिय वाणिज्य बैंक अगाडि चालू अवस्थाको कोल्ड सेन्टर बिक्रीमा ।
सम्पर्क : ९८१४९६३४८८

**साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**
झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।



सम्पर्कः ९८१४९९३७१२,
९८२४९८११७४, ९८४२६७७८५५,
९८६२६४८२८२

**चिनारी राजश्व सेवा सेन्टर**
- अनलाइन कर भुक्तानी/कर चुक्ता प्रमाणपत्र
- पर्सनल पान नम्बर पनि बनाइन्छ ।
- सरकारी निकायमा व्यवसाय दर्ता गर्नको लागि कागजात तयार गर्ने ।
- लेखा परीक्षण /VAT BILL सम्बन्धी काम

मो. ९८०४९७६५०६, ९८४२६४५३७५

**सुरक्षा गार्डको आवश्यकता**
२५ वर्ष माथि ५० वर्षसम्म उमेर भएका पुरुष र २० वर्षदेखि ३० वर्ष उमेर भएका महिला सेक्युरिटी गार्डको आवश्यकता परेको हुँदा इच्छुकले तु-सम्पर्क गर्नुहोला ।
भू.पू. आर्मी, प्रहरीलाई विशेष ग्राहयता ।
विराट गोर्खा सेक्युरिटी प्रा. लि.
सम्पर्क कार्यालय बिर्तामोड
सिटी सेन्टर पूर्व, देवी कलेज रोड
फोन : ९८४२६२५०२०,
९८०४७३१५६८, ९८०४५६७८७२

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

**ताप्लेजुङ-पाथीभरा सफल यात्रा**
बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२/९८०१३६४०९३

**अर्जुनधारा यातायात प्रा.लि.द्वारा सञ्चालित आरमदायी यात्रा**
बिर्तामोडबाट रवि विहान ९ बजे गाडी नम्बर १७९९ अनुप, ९८४२६९८२४८, ५४६ उत्तम ९८४२६७२८२४, चन्द्र ५२६- ९८६७९९३४९१ साथै समालटार, २:१५ बजे सानुबर्दू २:४५ बजे दैनिक सेवा उपलब्ध छ ।
अध्यक्षः गोपाल घिमिरे (९८४२६८४७५६),
बिर्तामोड काउन्टर सीताराम आचार्यः ९८४२६२३१५२

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**
बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५




दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।




ज्यो. मधुसूदन रिजाल
(स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
मनोरञ्जनमा अलमलिँदा लक्ष्यमा बाधा पुग्नेछ । परिस्थिति अनुकूल रहे पनि भौतिक सुविधाले खर्च निम्त्याउन सक्छ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -**
रमाइलो क्षणमा पनि मन उदास रहनेछ । केही अप्ठ्यारा परिस्थिति आउनाले सोचेको लाभ नमिल्न सक्छ । आफन्तसँग जोगिएर काम लिनुपर्ला ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
निम्तो प्राप्त भए पनि आतिथ्य खर्चिलो बन्नेछ । यात्राका क्रममा वादविवाद हुनाले उद्देश्य पूरा नहुन सक्छ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
अवसर आए पनि वैधानिक प्रावधानले लक्ष्यमा पुग्न अप्ठ्यारो पार्नेछ । आफ्नै सहयोगीहरू प्रतिस्पर्धामा उत्रिने समय रहेकाले सजग रहनुहोला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
आफ्ना सामानमा अरूले दाबी गर्न सक्छन् । यात्रा गर्दा धनमाल सुरक्षामा ध्यान दिनुहोला । मेहनत गर्दा काम बनाउन सकिनेछ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
बलभन्दा बुद्धिको उपयोगले फाइदा दिलाउनेछ । अधिकारका लागि केही जोखिम उठाउनुपर्ला । साथीभाइको सहयोगले काम बन्ला ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -**
अस्वस्थताले कमजोर भएको अनुभूति हुनेछ । हतारका काममा ढिलासुस्ती हुन सक्छ । पढाइलेखाइमा सोचे जस्तो प्रगति गर्न अलिक नसकिएला ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
मेहनतले योजना कार्यान्वयनमा ल्याउन सकिनेछ । व्यवसायमा फाइदा उठाउन समय पर्खनुपर्नेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
पहिलेको उपलब्धिले उत्साह जगाउनेछ । आफ्नो धनमाल र उपलब्धि सुरक्षामा भने विशेष ध्यान पुऱ्याउनुहोला ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
अप्ठ्यारा परिस्थितिसँग सम्झौता गर्नुपरे पनि बुद्धि लगाउँदा लक्ष्य पहिल्याउन सकिनेछ । बेसुरमा वचन दिनाले दुःख पाइनेछ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
साथीभाइले साथ दिनेछन् । पशुधन र जमिनबाट लाभ हुनेछ । मान्यजनको सुझाव शिरोधार्य गर्नुहोला ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
आफन्तभन्दा सहयोगीका माध्यमबाट काम बनाउन सकिनेछ । स्वास्थ्यका लागि आहारविहारमा भने ध्यान पुऱ्याउनुहोला ।